कर बुलेटिन
Tax Bulletin
http://www.ird.gov.np
आन्तरिक राजस्व विभागको प्रकाशन

वर्ष २, अङ्क ६, २०७१ कर दिवस विशेषांक Vol 2, Issue 6, December 2014

# राजस्व असुलीमा १२० प्रतिशतले वृद्धि

काठमाडौं। आर्थिक वर्ष २०७१/०७२ कात्तिक मसान्तसम्मको राजस्व असुलीमा गत वर्षको सोही अवधिको तुलनामा १२० प्रतिशतले वृद्धि भएको आन्तरिक राजस्व विभागले मंसिर ९ गते सम्पन्न गरेको मासिक समीक्षा कार्यक्रममा प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०७१/०७२ को कात्तिक महिना सम्मको लक्ष्य रु. ३७ अर्व ४१ करोड ८६ लाख ६३ हजार रहेकोमा रु. ३७ अर्व ६८ करोड १४ लाख २ हजार असुली भई लक्ष्यको तुलनामा १०१ प्रतिशतको

| Sector | Target (Rs bn) | Collection (Rs. bn) | Achievement (%) | Growth Rate (%) |
|---|---|---|---|---|
| Income Tax | 10.81 | 13 | 120.26 | 34.54 |
| Rental Income Tax | 1.58 | 0.73 | 46.19 | 14.11 |
| Interest Income Tax | 3.03 | 2.55 | 84.2 | 6.11 |
| Total Income Tax | 15.42 | 16.28 | 105.58 | 28.14 |
| VAT (domestic) | 12.59 | 12.27 | 97.42 | 14.54 |
| Excise (domestic) | 9.1 | 8.81 | 96.81 | 15.15 |
| Education Service Fee | 0.13 | 0.13 | 100.77 | 6.62 |
| Health Service Tax | 0.16 | 0.18 | 108.26 | 25.91 |
| Grand Total | 37.42 | 37.68 | 100.7 | 20.22 |

प्रगति भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर रु. १६ अर्व २८ करोड २९ लाख, मूल्य अभिवृद्धि कर रु. १२ अर्व २७ करोड १७ लाख र अन्तःशुल्क रु. ८ अर्व ८१ करोड ३६ लाख असुली भएको छ। सो रकम निर्धारित लक्ष्यको तुलनामा आयकर तर्फ १०५ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९८ प्रतिशत र अन्तशुल्क तर्फ ९७ प्रतिशत हो। त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रु. १३ करोड १७ लाख र रु. १८ करोड ४ लाख

बाँकी २२ पेजमा....

# तेस्रो राष्ट्रिय कर दिवस २०७१ सम्पन्न




तेस्रो राष्ट्रिय कर दिवसलाई सम्बोधन गर्नुहुँदै अर्थमन्त्री डा. रामशरण महत

काठमाडौं। आन्तरिक राजस्व विभागको आयोजनामा मंसिर १ गते देशभर तेस्रो राष्ट्रिय कर दिवस २०७१ सम्पन्न भएको छ। विभागको प्राङ्गणबाट कर प्रशासनका कर्मचारी र विभिन्न वस्तुगत संघ संगठनका प्रतिनिधिहरू प्रभातफेरी सहित आर्मी अफिसर्स क्लबमा पुगी औपचारिक कार्यक्रम शुरु भएको थियो। कार्यक्रमका प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. रामशरण महतबाट मंगलधुन सहित पानसमा वत्ती बालेर तेस्रो राष्ट्रिय कर दिवस कार्यक्रमको उद्घाटन गर्नुका साथै आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन र स्मारिका लोकार्पण गर्नुभयो। उत्कृष्ट करदाता, उत्कृष्ट कर्मचारी, निवन्ध प्रतियोगितामा प्रथम, द्वितिय र तृतीय हुने छात्र, छात्रालाई पुरस्कार समेत डा. महतले वितरण गर्नुभयो। (हेर्नुहोस् तालिका)

कार्यक्रममा कर प्रशासनका कर्मचारीहरूलाई निर्देशन दिनुहुदै माननीय अर्थमन्त्री डा. रामशरण महतले कर तिर्नु सम्मानको विषय र नागरिकको कर्तव्य भएकाले राष्ट्रको सेवा, प्रशासन सञ्चालन र राज्यको उन्नतिको लागि उपयोग हुने बताउनुभयो। कर तिर्नु धर्म हो भन्नुहुदै करदाताको सम्मानले राम्रोसँग तिर्नेको मूल्यांकन हुन्छ भन्ने कुरा स्थापित भएको र नयाँ करदाताहरूलाई पनि यसले प्रेरणा दिने उहाको भनाइ थियो। अर्थमन्त्री डा. महतले विगत वर्षहरूको अनुभव हेर्ने हो भने हाम्रो राजस्वमा भयानक, संरचनात्मक परिवर्तन आएको खासगरी २०४६ परिवर्तन पछि २०४८ सालदेखि निर्वाचित सरकार बनेको र आर्थिक क्षेत्रमा महत्वपूर्ण निर्णयहरू भएको बताउनुभयो। त्यतिबेला कूल कूल ग्राहस्थ उत्पादनको केवल ९ प्रतिशत कर उठ्थ्यो। अहिले १७ प्रतिशत पुगेको छ। आर्थिक क्षेत्रमा संरचनात्मक परिवर्तन भएकाले हाम्रो राजस्व तिर्ने क्षमता अर्थव्यवस्थाको निकै माथि पुगेको उहाले बताउनुभयो।

२०४८ सालमा वार्षिक १२ अर्व राजस्व उठ्ने गरेको अहिले करिव साढे ४ खर्व राजस्व उठाउने लक्ष्यमा छौं भन्नुहुँदै अधिकांश सम्मानित क्षेत्रको प्रतिनिधित्व निजी क्षेत्रले गरेको हुनाले राज्यमा आर्थिक गतिविधि बढ्दै गएको उहाले बताउनुभयो। राजस्व नउठाई राज्यको समृद्धिको काम असम्भव हुने विकास गर्न नसकिने, सडक, विद्यालय, स्वास्थ्य चौकी, विकासका कार्यक्रमहरूलाई अगाडि बढाउन नसकिने भएकाले ट्रेजरी बलियो बनाउनु अर्थमन्त्रालयको जिम्मेवारी भएको बताउनुभयो। २२ वर्ष अगाडि नेपालको कूल बजेट खर्चमा विदेशी सहयोगको

बाँकी ३ पेजमा...

## आँखीझ्याल

नेपाल उद्योग वाणिज्य महासंघसँग अन्तर्क्रिया सम्पन्न — पृष्ठ ७

कर व्यवस्थापनमा नागरिकको दायित्व — पृष्ठ १२

कर प्रणालीलाई सशक्त बनाइँदै — पृष्ठ १७



कारोवारको यथार्थ लेखा राखी पारदर्शी बनौं।

# महानिर्देशकको सन्देश

**आज मुलुक समृद्धि हासिल गरी, सुशासन कायम गर्ने जुन लक्ष्य लिएर अघि बढेको छ । त्यसका लागि मूलभूत स्रोत भनेको आन्तरिक राजस्व नै हो । तसर्थ हामी अत्यन्त सकारात्मक सोचका साथ करदातामैत्री कर प्रशासनको माध्यमबाट मुलुकमा आन्तरिक राजस्व प्रशासनलाई प्रभावकारी बनाउने मार्गमा प्रतिवद्ध छौं ।**



अर्थमन्त्रालयको विभिन्न विभागहरू मध्ये आन्तरिक राजस्व व्यवस्थापनका लागि यस विभागको भूमिका रहेको छ। मूलतः राज्य सञ्चालनका लागि आवश्यक पर्ने स्रोत साधनहरू कर तथा गैर करको माध्यमबाट राज्यले सङ्कलन गर्ने गर्दछ। राजस्वका मूलभूत क्षेत्रहरू मध्ये आयकर, मूल्यअभिवृद्धि कर, अन्तशुल्कको प्रशासन आन्तरिक राजस्व विभागबाट हुने गरेको छ। यसको अतिरिक्त स्वास्थ्य सेवा कर, शिक्षा सेवा शुल्कको प्रशासन समेत विभाग र अन्तर्गतको कार्यालयबाट हुने गरेको छ। पछिल्लो समयमा आन्तरिक राजस्व प्रशासनको क्षेत्र विस्तार हुँदै गएको छ। मुलुकको कूल ग्राहस्थ उत्पादनमा कूल राजस्वको हिस्सा पनि बढ्दै गएको छ। विगत एक दशकको तथ्याङ्क हेर्ने हो भने ६० को दशकको शुरुमा हाम्रो कूल ग्राहस्थ उत्पादनको हिस्सा करिव १२ प्रतिशत थियो। अहिले वृद्धि भएर करिव १९ प्रतिशतको हाराहारीमा पुगेको छ। विगतको तुलनामा करदाताको संख्यामा पनि वृद्धि भएको देखिन्छ। हामी सवै नागरिकहरू करदाता हौं। कुनै न कुनै रूपले करमा सहभागी भएका छौं। अनौपचारिक रूपमा हेर्ने हो भने आम जनता नै करदाता हुन्। अन्य विकसित मुलुकको तुलनामा हाम्रो देशको करदाताको संख्या साँढे चार प्रतिशत हुनु अत्यन्त न्यून हो। हामी कम विकसित मुलुकहरूको हाराहारीमा छौं। विश्व मानचित्रमा तथ्यांकीय चित्रण गर्ने हो भने नेपालको जुन किसिमको दायरा विस्तार हुनुपर्ने हो त्यो चाहिं हुन सकेको छैन। हामीले साढे ४ प्रतिशतको हिस्सालाई कम्तिमा १० प्रतिशतमा पुऱ्याउन सक्नुपर्छ। जसको फलस्वरूप मुलुकको विकासका लागि र आन्तरिक स्रोत परिचालनका लागि ठूलो टेवा पुग्ने छ। यसको संभावना पनि छ। यो संभाव्यतालाई अगाडि बढाउनका लागि हामीले केही कदम चाल्नु जरुरी छ। त्यसका लागि कर प्रशासनलाई जनस्तरमा पुऱ्याउन जरुरी छ। विभागको संरचना ७५ जिल्लामा पुऱ्याउन जरुरी छ। संरचनालाई विस्तार गर्ने क्रममा केही नगरपालिकाहरू घोषणा गरिएको छ, नयाँ शहरहरूको उदय भएको छ। ती क्षेत्रहरूमा व्यापारिक गतिविधिहरू पनि बढेका छन्। अन्य संभाव्य ठाउँहरूको अध्ययन गरेर आन्तरिक राजस्व विभागको संरचना विस्तार गर्नु जरुरी छ।

आन्तरिक राजस्व प्रशासनको ध्येय राजस्व सङ्कलन मात्र होइन। कर सङ्कलनका वारेमा जनतालाई शिक्षित र सचेतना गराउन जरुरी छ। सरकारी संरचनाहरू जहाँ जहाँ छन् त्यहाँ पनि करको वारेमा चेतना जगाउनु जरुरी छ। राज्यको उपस्थिति स्थानीय स्तरमा पुग्नु जरुरी छ। स्थानीय स्तरमा कर प्रशासनलाई पुऱ्याउन सकेको खण्डमा साना करदाताहरूको लागत खर्च पनि कम हुन जान्छ। दुर्गम क्षेत्रहरूमा रहेका करदाताहरूका लागि लागत घटाउनु र कर व्यवस्थापन गर्नु जरुरी छ। कर प्रशासन र करदाताहरूको बीचमा सुमधुर सम्बन्ध विस्तार गर्नु जरुरी छ। सरोकारवाला र करदाता समक्ष कर शिक्षा अभिवृद्धि गर्नु जरुरी छ। सूचना प्रविधिको माध्यमबाट करदाताको वरीपरी कर प्रशासनलाई पुऱ्याउने तथा कर प्रशासनमा करदाता एवं पेशागत संघ संस्थाको प्रतिनिधित्व र सहभागिता अभिवृद्धि गराउने कुरामा जोड दिनु जरुरी छ। हामीले नविन किसिमका व्यवस्थापकीय शैली उपयोग गरी हाम्रो स्रोतलाई व्यवस्थापन गर्दै, नीतिगत र कार्यविधिगत सुधार गर्नु आजको आवश्यकता हो। शासकीय साझेदारहरूबीचमा समन्वय गर्ने र आन्तरिक राजस्व व्यवस्थापन एवं कर कानुनको पालना गर्नको लागि सम्वद्ध पक्षहरूमा सचेतना अभिवृद्धि नभएसम्म मुलुकको समृद्धि र विकास प्रभावकारी हुन सक्दैन। यो अवस्थामा पुऱ्याउन सक्यौं भने हामीले खोजेको, रोजेको कर प्रशासनको दायरा र प्रभावकारिता हासिल गर्न सक्छौं।

हाम्रो विद्यमान अवस्थालाई मूल्याङ्कन गर्ने हो भने आर्थिक वर्ष २०७१/७२ मा मुलुकले ६१८ अर्वको बजेट विनियोजन गरेको मध्ये राजस्व परिचालनबाट ४२२ अर्व व्यहोर्ने लक्ष्य लिएको छ। ४२२ अर्व मध्ये १६९ अर्व सङ्कलन गर्ने जिम्मेवारी आन्तरिक राजस्व विभागलाई दिएको छ। गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको लक्ष्य करिव २२ प्रतिशतले बढी हो। अहिलेसम्मको तथ्याङ्क हेर्ने हो भने हामीले प्रथम चौमासिकमा ३७ अर्व ४२ करोड राजस्वको लक्ष्य तोकिएकोमा ३७ अर्व ७४ करोड सङ्कलन गरेका छौं। जुन लक्ष्यको तुलनामा १०१ प्रतिशत हुन आउँछ। हामीले यसको दिगोपनका लागि वर्षभरीको राजस्वको लक्ष्यलाई हेर्नुपर्ने हुन्छ। प्रथम चौमासिक अवधिमा संकलित भएको राजस्वलाई हेर्दा हामी सन्तुष्ट हुनुपर्ने अवस्था छ। कार्यमूलक सूचकाङ्कहरूलाई हेर्ने हो भने हामीले धेरै सुधार गर्नुपर्ने क्षेत्रहरू छन्। केही कमजोरीहरू पनि रहेका छन्। सवैभन्दा ठूलो आन्तरिक राजस्व प्रशासनमा विकजीकरणको समस्या छ। कम मूल्याङ्कन गर्ने, छल्ने, चुहावट गर्ने, विल विजक नै जारी नगर्ने यो समस्या बढ्दो छ। विल लिनु नागरिकको कर्तव्य हो। तर विल जारी गर्न हिचकिचाउने परिपाटी छ। कम मूल्याङ्कनलाई हामीले व्यवस्थापन गर्नु जरुरी छ। उत्पादनका क्षेत्रमा होस् वा अन्य क्षेत्र वास्तविक र यथार्थपरक बिल विजकीकरण जारी गर्ने, कर चुहावट र कर छली गर्ने प्रवृत्ति बढ्दो छ। न्यून विजकीकरणको समस्या मात्रै होइन। अधिक विजकीकरणको पनि समस्या छ। त्यसलाई पनि हामीले नियन्त्रण गर्नु जरुरी छ। अर्को तर्फ मिस इन्भोइसिङ, फेक इन्भोइसिङ, एउटा व्यवसायको बिल विजक अर्कै व्यवसायको नामबाट गर्ने जसले गर्दा कर चुहावट भइरहेको छ। अहिले जुन मिसम्याचको समस्या आइरहेको छ। यी समस्याहरू विजकीकरणका सन्दर्भमा छन्। विजकीकरणको समस्यालाई समाधान गरेर यथार्थपरक दावी गर्नका लागि आम करदातामा पनि सचेतना, इमान्दारिता हुनु जरुरी छ।

अर्का तर्फ बक्यौताको समस्या छ। मुलुकमा आर्थिक वर्ष २०७०/७१ को तथ्याङ्कलाई हेर्ने हो भने कूल बक्यौता ४८ अर्व छ। करदाताले आफैले कर विवरणमा घोषणा गरेर राज्यलाई तिर्नु पर्ने कर नतिरेको ठूलो अंश छ। कर विवरण दाखिला गर्ने, आय विवरण दाखिला गर्ने सो बमोजिमको कर दाखिला नगर्ने र बक्यौता राख्ने त्यो पनि ४८ अर्व भनेको मुलुकको कूल बजेटमा प्रभाव पार्ने अंश हो। यो व्यवसायीको इमान्दारिता कर प्रशासनको सक्षमतामाथिको प्रश्न चिन्ह पनि हो। यसलाई हामीले समाधान गर्नु जरुरी छ। यथा समयमा नै बक्यौता दाखिला गरी कानुनी कारवाहीबाट बच्नका लागि आम करदाता जसको बक्यौता बाँकी छ उसले समयमै आफ्नो बक्यौता दाखिला गरेर सभ्य, अनुसासित र मर्यादित करदाताको भूमिका बहन गर्नको लागि म आग्रह गर्दछु। यथा समयमै बक्यौता दाखिला नगर्ने हो भने कडा भन्दा कडा कानुनी कारवाही गरेर सरकारी बाँकी रकम सरह असुली गर्ने प्रकृयामा विभाग लाग्ने कुरा पनि जानकारी गराउन चाहन्छु।

अर्को समस्या करमा आवद्ध हुने तर यथासमयमा विवरण नबुझाउने रहेको छ। समग्र आयकर प्रणालीमा दर्ता हुनु भएका करदाताहरू मध्ये करिव ४० प्रतिशत ननफाइलरको अवस्था छ। यसले करदाताको इमान्दारिता र कर प्रशासनको प्रभावकारीतामा पनि प्रश्न चिन्ह खडा हुन्छ। त्यसको पछाडिको विश्लेषण गर्नु जरुरी छ। समयै आय विवरण नबुझाउनु, राजस्व दाखिला नगर्नुको पछाडि एकातर्फ सचेतना नहुने, दर्ता प्रकृयामा रहेका केही समस्या करदाताको इमान्दारिता र नियत तथा अर्का तर्फ कर प्रशासनको सही अनुगमन इन्फोर्समेन्ट नगरेको कारणहरू छन्। हामीले त्यसको विश्लेषण गरेर ननफाइलरहरूलाई जिरोमा ल्याउन पहल गर्नेछौं। नन फाइलरको संख्यालाई घटाउने अभियानमा विभाग लागेको छ।

अर्को समस्या बेरुजुको छ। आज मुलुकमा आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरूमा ३ अर्व २१ करोड बेरुजु रहेको छ। यो बेरुजु मध्ये असुल उपर गर्नुपर्ने बेरुजु तर्फ तुरुन्त असुल उपर गर्नुपर्ने अवस्था छ। जुन जुन कार्यालयमा बेरुजु छ, यथा समयमै फरफारक गरी सम्वद्ध कार्यालय प्रमुखहरूलाई यथासमयमै बेरुजुलाई फरफारक गरी कार्यालयको कार्यकुशलता अभिवृद्धि र आर्थिक सुशासन कायम गर्न उद्यत रहनु पर्दछ त्यसका लागि विभागले जे जस्तो भूमिका निर्वाह गर्नुपर्छ, विभाग तत्पर छ।

कर प्रशासनमा रहेका समस्याहरू समाधान गर्ने प्रतिवद्धताका साथ कर प्रशासनको दायरा बाहिर रहेका करदाताहरूलाई व्यवसाय गर्नु अघि सम्बन्धित निकायमा दर्ता गरेर व्यवसायको प्रकृति अनुसार प्रणालीमा आवद्ध भएर व्यवसाय गर्न आग्रह गर्दछु। यसको अलावा कर प्रशासनको इन्फोर्समेन्ट पनि बढाउनु जरुरी छ। जसको लागि हामी सवै लाग्नु अहिलेको आवश्यकता हो। यही परिवेशलाई हेरेर हामीले केही अभियानहरू चाल्ने सोचमा छौं। जसको फलस्वरूप मुलुकमा घर बहाल कर सर्वेक्षकको माध्यमबाट घरबहाल सर्वेक्षण गर्ने, घर बहाल कर दाखिला गर्नका लागि अनुरोध गर्ने प्रकृयाहरू अभियानका रूपमा अगाडि बढाएका छौं। हाम्रो कर प्रणालीमा पनि सुधार गर्दै गएका छौं। करिव ५० को दशकदेखि कर प्रणालीमा उदारीकरणको सिद्धान्तलाई आत्मसात गरेर स्वयंकर निर्धारण र घोषणाको सिद्धान्त लागू गरिएको छ। करदातालाई समग्र कर प्रशासनको जिम्मेवार नागरिकको रूपमा हामीले स्थापित गर्न सक्नुपर्छ। त्यसका लागि हामीले सुरुवात गरेका नीति, कार्यविधि र ऐन नियमहरूमा पनि पुनरावलोकन गर्नुपर्ने भएको सन्दर्भमा हाम्रो समग्र कर प्रणालीको पुनरावलोकन गरेर सरकार समक्ष आफ्ना सुझावहरू सिफारिस गर्न उच्चस्तरीय कर पुनरावलोकन आयोग गठन भएको छ। यसमा श्रद्धेय रूपबहादुर खड्काको अध्यक्षतामा ३ सदस्यीय आयोग गठन गरिएको छ। यो आयोगले २०७१ चैत मसान्त भित्रमा आफ्नो प्रतिवेदन प्रस्तुत गर्नेछ। यो आयोगले करिव १ महिना अघिदेखि आफ्नो कार्य प्रारम्भ गरिसकेको छ। यसको माध्यमबाट पनि कर प्रणालीमा धेरै किसिमको रूपान्तरण भई विद्यमान प्रकृयाहरूमा सुधार हुने अपेक्षा गर्न सकिन्छ। कर पुनरावलोकन आयोग गठन भएको सन्दर्भमा सम्पूर्ण कर प्रशासनमा संलग्न निकायहरू, निजी क्षेत्र, नागरिक समाज, स्थानीय निकाय, आम जनता, आम सरोकारवालाहरूलाई, आआफ्नो क्षेत्रबाट राय, सल्लाह र सुझावहरू भए कर प्रशासनको र कर प्रणालीको सुधारका लागि आफूले भोगेका, अनुभव र महसुस गरेका समस्या एवं सुझाव पृष्ठ पोषणहरूको रूपमा यथासमयमै आन्तरिक राजस्व विभागको नीति शाखा, उच्चस्तरीय कर पुनरावलोकन आयोगको कार्यालय जुन आन्तरिक राजस्व विभागकै भवनमा अवस्थित छ, मा सम्पर्क राखेर इमेल, फ्याक्स, फोन, पत्राचार वा कुनै पनि माध्यमबाट पठाएर योगदान गर्न अनुरोध गर्दछु। यस्तो सुझाव स्थानीय स्तरमा रहेका करदाता सेवा कार्यालयको माध्यमबाट पनि पठाउन सकिन्छ। त्यस्ता सुझावहरूका लागि विभाग अपेक्षा पनि गर्दछ। आज हामी मुलुकको युग रूपान्तरणको अवस्थामा छौं। सवैले संवेदनशील भएर राष्ट्र निर्माणमा लाग्नु जरुरी छ। कसैले कुनै पनि रूपमा कर छली गर्नु भनेको महापाप हो। यो एक किसिमको राष्ट्र द्रोह, राजद्रोह हो। कसैले पनि कानुन उल्लंघन गर्नु हुँदैन। कर चुहावट तथा कर कानुनको उल्लंघन भनेको दण्डनीय अपराध हो। हामीले तिरेको कर हाम्रै समृद्धिको लागि हो, मुलुकको समृद्धिको लागि हो। कहीं कसैले कर चुहावट गऱ्यो भने देशको सेवा प्रवाहलाई त्यसले नकारात्मक असर पार्दछ। त्यसैले कर चुहावट भएको खण्डमा सम्बन्धित निकायमा खवर गर्ने र सुधारको मार्गमा ल्याउन जरुरी छ। राजस्व संकलन अभिवृद्धि र करको दायरा बढाउनका लागि हामी प्रत्येकको भूमिका जरुरी छ। त्यो भूमिका निर्वाह गरेर सभ्य नागरिक बनिदिन सवैमा आग्रह गर्दछु।

यथार्थमा, हामी अत्यन्त सकारात्मक सोचका साथ करदातामैत्री कर प्रशासनको माध्यमबाट मुलुकमा आन्तरिक राजस्व प्रशासनलाई प्रभावकारी बनाउने मार्गमा प्रतिवद्ध छौं। आज मुलुक समृद्धि हासिल गरी, सुशासन कायम गर्ने जुन लक्ष्य लिएर अघि बढेको छ। त्यसका लागि मूलभूत स्रोत भनेको आन्तरिक राजस्व नै हो। त्यो आन्तरिक स्रोत विना कुनै पनि मुलुकको राज्य व्यवस्था प्रभावकारी हुन सक्दैन। हामीले मुलुकलाई २०२२ सम्ममा अतिकम विकसित राष्ट्रबाट विकसित राष्ट्रमा स्तरोन्नति गर्ने, गरिवीलाई न्यूनीकरण गर्ने र सेवा प्रवाहमा सुशासन ल्याउने जुन लक्ष्य लिएका छौं। यसका लागि आधारभूत तत्वको रूपमा राजस्वलाई लिनु पर्दछ। त्यो राजस्व व्यवस्थापन गर्ने गहन जिम्मेवारी आन्तरिक राजस्व विभागलाई छ। त्यसको लिडिङ एजेन्सीको रूपमा आन्तरिक राजस्व विभागले भूमिका गर्दछ। यसमा समग्र निकायको उत्तिकै साझेदारी भूमिका रहन्छ। राष्ट्र निर्माणको महान अभियानमा सरिक हुन, त्यो अवसर ग्रहण गर्न र जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्नको लागि इमान्दार करदाता बनेर अगाडि बढी आन्तरिक स्रोत परिचालनको माध्यमबाट मुलुकलाई समृद्ध बनाउने अभियानमा सरिक हुनका लागि आन्तरिक राजस्व विभाग सवैमा हार्दिक अनुरोध गर्दछ। साथै आजका दिनमा कायम रहेको सहयोग र सहभागिताका लागि कृतज्ञता एवं आभार समेत व्यक्त गर्दै यहाँहरू सवैको सफलता, प्रगति र उन्नतिको लागि शुभकामना व्यक्त गर्न चाहन्छु।

पुस, २०७१

**चुडामणि शर्मा**
महानिर्देशक

१ पेजको बाँकी..

हिस्सा, विदेशी अनुदान र सहयोग गरी करिव ३७ प्रतिशत थियो । तर अहिले १८ प्रतिशतमा आएको उहाले बताउनुभयो । नेपालको गएको २ दशको इतिहास हेर्ने हो भने कति राजनीतिक अस्थिरता, हिंसात्मक द्वन्द्व भए एक ठाउबाट अर्को ठाउमा जान पनि नसक्ने अवस्थामा विकास निर्माणका कामहरू रोकिए, यस्तो बेला पनि हामीले प्रगति गर्न सकेका छौं भन्नुभयो । डा. महतले गरिवीको अनुपात पनि घट्दै गएको बताउनुहुदै नेपालले गरेको प्रगति अरु कम विकसित देशले गरेको प्रगति भन्दा निकै बढी रहेको उहाको तर्क थियो । राज्य परिचालन सक्रिय भएकै कारण हामीले सफलता हासिल गर्दै गएका छौं भन्नुहुदै अहिले हामी शान्तिको बाटोमा छौं र आर्थिक विकासको फाउन्डेसनको लागि त्यो जिम्मेवारी पूरा गर्न देशका आर्थिक गतिविधिहरूमा अलमल गर्ने, संविधान बनेपछि मात्रै आर्थिक गतिविधि बढाउने भन्ने हुदैन । जनताको आकांक्षा दिनप्रतिदिन बढ्दैछ। आकांक्षा पूरा गर्नका लागि राज्यले आर्थिक विकासमा वृद्धिगर्नै पर्छ । कर चुहावट गर्ने, अनियमितता गर्नेलाई कुनै पनि वहानामा माफ गर्न नसकिने र त्यो प्रतिवद्धता कर प्रशासनबाट हुनुपर्ने उहाले बताउनुभयो । केही दिन भित्रै अर्थमन्त्रालयमा एउटा पब्लिक हेल्प कक्ष गठन गर्न लागिएको बताउनुहुदै कहीं पनि ढिला सुस्ती भयो कर चुहावटका घटना भए मन्त्रालयमा तुरुन्त खवर गर्न सक्ने व्यवस्था गर्न लागेको बताउनुभयो । निजी क्षेत्रका गुनासाहरू अर्थ मन्त्रालय सुन्न तयार रहेको बताउनुहुदै कर प्रशासनमा पनि कमजोरी होलान्, कर सुधार पुनरावलोकन आयोग गठन गरेको छ । डा. रूपबहादुर खड्काको सहभागितामा कर प्रणाली पुनरावलोकन आयोग गठन भएकोले त्यसमा सुझाव आओस् । कर प्रणालीमा जे जे सुधार गर्नु पर्छ त्यसका




तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ को अवसरमा आयोजित आयोजित कार्यक्रममा सहभागी हुनुहुदै महानिर्देशक श्री चुडामणि शर्मा लगायत अन्य कर प्रशासनका कर्मचारीहरू



कार्यक्रममा सहभागी कर प्रशासनका कर्मचारीलगायत कलाकारहरू

**तेस्रो राष्ट्रिय कर दिवस २०७१ को उपलक्ष्यमा मंसिर १ गते सम्मानित करदाताहरुको नामावली**

| सि.नं. | सम्मानको आधार | सम्मानित करदाता, संस्था र व्यक्तिको नाम र स्थाई लेखा नं. |
|---|---|---|
| १ | आ.व. २०६९/०७० मा सबै भन्दा बढी आयकर दाखिला गर्ने मध्येबाट | एन.सेल. प्रा.लि, ३००३२५६९४ |
| २ | आ.व. २०६९/०७० मा सबै भन्दा बढी मू.अ.कर संकलन गरी दाखिला गर्ने मध्येबाट | नेपाल दूरसंचार क.लि., ३०००४४६१४ |
| ३ | आ.व. २०६९/०७० मा बैंक तथा वित्तिय क्षेत्र मध्येवाट सबै भन्दा बढी आयकर दाखिला गर्ने | नविल बैंक लि., ५००१८४५६७ |
| ४ | आ.व. २०६९/०७० मा व्यापार व्यवसाय मध्येवाट सबै भन्दा बढी आयकर दाखिला गर्ने | सिप्रदी ट्रेडिङ प्रा.लि., ३०००४५०२२ |
| ५ | आ.व. २०६९/०७० मा निर्यात तर्फबाट उल्लेखनीय योगदान गर्ने मध्येबाट | किरण सूज म्यानुफैक्चरर्स ३०००५०४३५ |
| ६ | आ.व. २०६९/०७० मा होटल व्यवसाय मध्येवाट सबै भन्दा बढी आयकर दाखिला गर्ने | सोल्टी होटल लि., ३०००४७६९७ |
| ७ | आ.व. २०६९/०७० मा लघुवित्त क्षेत्रमध्येवाट सबै भन्दा बढी आयकर दाखिला गर्ने | छिमेक लघुवित्त विकास बैंक लि., ३००२८३३४९ |
| ८ | आ.व. २०६९/७० मा कृषिजन्य उद्योग व्यवसाय मध्येवाट सबै भन्दा बढी आयकर दाखिला गन | ऊं चाबोविरा फिड ईण्डष्ट्रिज प्रा.लि., ३०२६६१६८६ |
| ९ | आ.व. २०६९/०७० मा पारिश्रमिक आयकर सबै भन्दा बढी दाखिला गर्ने मध्येबाट | सिद्धार्थ शम्सेर ज.ब.रा., १००२२५९६५ |
| १० | आ.व. २०६९/०७० मा स्वास्थ्य सेवा कर मध्येवाट सबै भन्दा बढी दाखिला गर्ने | ऊं हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि., ५०००८०४८५ |
| ११ | आ.व. २०६९/०७० मा उड्डय पर्यटन क्षेत्र मध्येवाट सबै भन्दा बढी आयकर दाखिला गर्ने | बूद्ध एयर प्रा.लि., ५००१५९२९३ |
| १२ | आ.व. २०६९/०७० मा औषधि उद्योग मध्येवाट सबै भन्दा बढी आयकर दाखिला गर्ने | देउराली जनता फर्मास्यूटि कल्स प्रा.लि., ५००१४९२३२ |
| १३ | आ.व. २०६९/०७० मा विप्रेषण (रेमिट्यान्स) कारोवार मध्येवाट सबै भन्दा बढी आयकर दाखिला गर्ने | आई. एम. ई. लिमिटेड, ३००७२६१४९ |
| १४ | आ.व. २०६९/०७० मा लेखा परीक्षकहरू मध्येवाट सबै भन्दा बढी आयकर दाखिला गर्ने | सि.एस.सि एण्ड क., ५०००१६८५५ |
| १५ | आ.व. २०६९/०७० मा चिकित्सकहरू मध्येवाट सबै भन्दा बढी आयकर दाखिला गर्ने | डा. भोला प्रसाद रिजाल, ३०२२९२४०६ |
| १६ | आ.व. २०६९/०७० मा शिक्षा सेवा शुल्क मध्येवाट सबै भन्दा बढी दाखिला गर्ने | काठमाण्डौं मेडिकल कलेज लि., ३०३८५१७६९ |
| १७ | आ.व. २०६९/०७० मा कानुन व्यवसायीहरू मध्येवाट सबै भन्दा बढी आयकर दाखिला गर्ने | पायोनियर ल एसोसियटस प्रा.लि., ३०२२०८३३३ |
| १८ | मू.अ.कर तर्फ उत्कृष्ट कर सहभागिता जनाउने मध्येबाट | त्रिशक्ति ट्रेड सेन्टर, ३०००११८७० |
| १९ | संघ संस्था तर्फवाट (कर प्रशासन/व्यवस्थापनमा उल्लेखनीय योगदान पुऱ्याउने) | नेपाल उद्योग बाणिज्य महासंघ, ६००८०७९०० |
| २० | संघ संस्था तर्फवाट (कर प्रशासन/व्यवस्थापनमा उल्लेखनीय योगदान पुऱ्याउने) | नेपाल आर्थिक पत्रकार समाज, ३०२२८८४९८ |
| २१ | संघ संस्था तर्फवाट (कर प्रशासन/व्यवस्थापनमा उल्लेखनीय योगदान पुऱ्याउने) | नेपाल बैंकर्श एशोसिएसन, ३०१८०९५९५ |
| २२ | मू.अ.कर प्रणालीको विकासमा उल्लेखनीय योगदान पुऱ्याउनु हुने कर विज्ञ | डा. रूपबहादुर खड्का |

लागि उहाले प्रतिवेदन दिनुहुन्छ, आगामी वर्षको बजेटमा त्यसलाई समेट्ने प्रयास गर्नेछौं । कर बढी उठाउने नाममा अनावश्यक करदातालाई दुख दिनु हुदैन । करदातालाई अनावश्यक झन्झट दिने र अल्मल्याउने गर्नु हुदैन । करदाताले पाउने सम्मान दिनुपर्छ । करदातामैत्री प्रशासन अवलम्बन गर्नुपर्छ । त्यसको लागि आवश्यक निर्देशिका चाहिन्छ त्यो कर विभागले तयार गरोस् । कर तिरौं तिरौं लाग्ने वातावरण बनाउन लागि पर्नु पर्ने बताउनुहुदै कर भनेको खुसी भएर तिर्ने कर्तव्य सम्झेर तिर्ने वातावारण बनाउनु पर्ने तथा लेखा परीक्षणमा ध्यान दिन आग्रह गर्नुहुदै बदमासी गर्नेलाई न्यून सहनशीलताका साथ कर प्रशासन अगाडि बढोस् भन्ने निर्देशन दिनुभयो ।

कार्यक्रमको अध्यक्षता गर्नु भएका अर्थ मन्त्रालयका सचिव श्री सुमन शर्माले करदातामैत्री कर प्रशासन, समृद्धि र सुशासन हाम्रो अभियान भन्ने नाराका साथ मनाउन लागिएको तेस्रो राष्ट्रिय कर दिवस सम्पूर्ण करदाता, व्यवसायी, कर प्रशासनका कर्मचारीहरू सबैलाई हार्दिक बधाई तथा शुभकामना दिनुभयो । नेपालमा वि.स. २०१६ सालदेखि आयकरको प्रारम्भ भएको थियो र वि.सं. २०५४ साल मंसिर १ गतेदेखि मूल्यअभिवृद्धि कर लागू भएको बताउनुहुदै मूल्य अभिवृद्धि कर लागू भएको दिनलाई आन्तरिक राजस्व विभागले विगत २०६९ सालदेखि राष्ट्रिय कर दिवसको रूपमा मनाउदै आएको बताउनुभयो । यस दिवसलाई एउटा उत्सवको रूपमा मात्र होइन कि देशमा एउटा सरल, पारदर्शी, पहुंचयोग्य, सक्षम, विश्वसनीय र करदातामैत्री कर प्रणालीको विकास गर्ने प्रतिवद्धता जनाउने अवसरको रूपमा लिनु पर्ने उहाले बताउनुभयो ।

नेपाल डब्लुटिओको सदस्य भइसकेको अवस्थामा भन्सारका दरहरू घट्दै जाने हुँदा आर्थिक साधन जुटाउने सम्बन्धमा आन्तरिक राजस्व विभागको अझ ठूलो भूमिका हुने उहाँले बताउनुभयो । आर्थिक वर्ष २०७१/७२ को कूल राजस्वको लक्ष्य मध्ये ४० तिशत उठाउने दायित्व आन्तरिक राजस्व विभागको रहेको


कार्यक्रममा सहभागी कर प्रशासनका कर्मचारीहरू


gIZ का प्रतिनिधिसँग कर प्रशासनका कर्मचारीहरू

## तेस्रो राष्ट्रिय कर दिवस २०७१ को अवसरमा पुरस्कृत हुने कर्मचारीहरूको नामावली

| सि.नं. | पद | नाम, थर | कार्यालयको नाम |
|---|---|---|---|
| १ | निर्देशक | श्री गोपाल प्रसाद घिमिरे | आन्तरिक राजस्व विभाग |
| २ | ,, | श्री लेख नाथ शर्मा | आन्तरिक राजस्व विभाग |
| ३ | ,, | श्री युगजतन हुमागाईं | आन्तरिक राजस्व विभाग |
| ४ | ,, | श्री मदन दाहाल | आन्तरिक राजस्व विभाग |
| ५ | ,, | श्री शिव कुमार पोखरेल | आन्तरिक राजस्व विभाग |
| ६ | प्र.क.अ. | श्री बद्री प्रसाद गौतम | ठूला करदाता कार्यालय, ललितपुर |
| ७ | ,, | श्री दुर्गादत्त भण्डारी | क.से.का., पुतलीसडक |
| ८ | ,, | श्री अर्जुन प्रसाद भट्टराई | आ.रा.का. वीरगञ्ज |
| ९ | ,, | श्री जनक राज शर्मा | आ.रा.का. भैरहवा |
| १० | ,, | श्री अविनाथ राई | ठूला करदाता कार्यालय, ललितपुर |
| ११ | कर अधिकृत | श्री कपिल प्रसाद सुवेदी | आ.रा.का. धनगढी |
| १२ | ,, | श्री नारायण रिजाल | आ.रा.का. भरतपुर |
| १३ | ,, | श्री मञ्जु अधिकारी | करदाता सेवा कार्यालय, नयाबानेश्वर |
| १४ | ,, | श्री वेद प्रसाद खनाल | आ.रा.का. काठमाडौं क्षेत्र नं. ३ |
| १५ | लेखा अधिकृत | श्री इश्वर श्रेष्ठ | आन्तरिक राजस्व विभाग |
| १६ | डा.इ.सु. | श्री भिम बहादुर विष्ट | आ.रा.का., महेन्द्रनगर |
| १७ | खरिदार | श्री विद्या राई | आ.रा.का., भद्रपुर |
| १८ | ,, | श्री कोदई चौधरी | आ.रा.का., बुटवल |
| १९ | का.स. | श्री राजु थापा मगर | आन्तरिक राजस्व विभाग |



प्रभातफेरी कार्यक्रममा सहभागी हुनुहुदै महानिर्देशक श्री चुडामणि शर्मा लगायत कर प्रशासनका कर्मचारीहरू

उहाँले बताउनुभयो । राजस्व उठाउनका लागि सरकार एक्लैको प्रयासले मात्र अपेक्षित परिणाम नदिने र समग्र कर प्रणाली सुधारमा सदाझैं नीजि क्षेत्रको सकारात्मक सहयोग र सहभागिता रहने कुरामा आफू विश्वस्त रहेको श्री शर्माले बताउनुभयो । आम उपभोक्ता, करदाता, नागरिक समाज साथै निजी क्षेत्रले पनि उच्च व्यावसायिक र इमान्दारिता प्रदर्शन गरी कर सहभागिता बढाउन सहयोगी भूमिका निर्वाह गर्नु जरुरी रहेको उहाको तर्क थियो ।

उद्योग, व्यापार, पेशा, व्यवसायमा संलग्न व्यवसायीहरू राज्यको तर्फबाट कर संकलनको जिम्मेवारी पाएका व्यक्तिहरू भएकाले विल विजक जारी गरी आफ्नो हिसाव किताव पारदर्शी रूपमा प्रस्तुत गर्न अनुरोध गर्नुभयो । सम्मानित तथा पुरस्कृत हुने करदाताहरू र राष्ट्रसेवकहरूलाई बधाइ तथा शुभकामना दिनुहुँदै राजनीतिक दल तथा तिनका भातृ संगठन, नागरिक समाज, पत्रकार जगत र जनचेतनामूलक संघ संगठनलाई सवै क्षेत्रमा पहरेदारी गर्न हार्दिक अपिल पनि गर्नुभयो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले तेस्रो राष्ट्रिय कर दिवसको उपलक्ष्यमा उपस्थित हुनुभएका माननीय अर्थमन्त्री डा. रामशरण महत, नेपाल सरकारका सचिवहरू, अर्थमन्त्रालका सहसचिवहरू, विभिन्न विभागका महानिर्देशकहरू, सम्पूर्ण व्यवसायी तथा पेशागत एवं वस्तुगत संघका प्रतिनिधि, सम्पूर्ण विशिष्ट व्यक्ति तथा उपस्थित कर प्रशासक सम्पूर्ण महानुभावहरूलाई स्वागत गर्नु भएको थियो । कार्यक्रममा श्री शर्माले कर प्रणालीको मेरुदण्डको रूपमा विकास गर्ने उद्देश्यले ल्याइएको मूल्यअभिवृद्धि कर कार्यान्वयन भएको दिनको अवसर पारेर नेपाल सरकारले विगत ३ वर्षदेखि मंसिर १ गतेलाई राष्ट्रिय कर दिवस मनाउदै आएको












प्रभातफेरी कार्यक्रममा सहभागी कर प्रशासनका कर्मचारी तथा विभिन्न संघ संस्थाका प्रतिनिधि र सवैभन्दा बढी आयकर तिर्ने एनसेलका प्रतिनिधिलाई सम्मान गर्नुहुँदै माननीय अर्थमन्त्री डा. रामशरण महत

बताउनुभयो । करको आवश्यकता र महत्वलाई आम मानिसहरूसम्म सचतेना तथा जागरण फैलाउने, राजस्व परिचालनलाई फराकिलो, दिगो उच्च बनाउनु नै कर दिवसको उद्देश्य रहेको उहाँको भनाइ थियो । कर दिवस मनाउँदा करदाता र कर प्रशासनबीचको सम्वन्ध सुदृढ हुनुको साथै दुवै पक्ष आआफ्नो कार्यक्षेत्रमा उत्प्रेरित हुन गई करदाता अभिप्रेरित हुने, कर प्रशासनको कार्य सम्पादनमा सहयोग पुग्ने, कर सम्बन्धी सकारात्मक धारणा अभिवृद्धि गर्ने लगायतका उद्देश्यका साथ कर दिवस मनाउन लागिएको पनि उहाले थप्नुभयो । सोही बमोजिम यो वर्ष वर्षै भरि कार्यक्रम सञ्चालन गरिने जसमा स्कुल, कलेजहरूमा हाजिरी जवाफ, निवन्ध, कविता प्रतियोगिता लगायका कार्यक्रम सञ्चालन गरिने उहाले बताउनुभयो ।

कर प्रशासन समग्र कर प्रणालीको एक अंग हो भन्नुहुँदै मुलुकको कूल राजस्व ४२२ अर्वमा यस वर्ष विभागलाई १६८ अर्वको लक्ष्य रहेकोमा कार्तिक मसान्तसम्म निर्धारित लक्ष्य हासिल गरिरहेको उहाले बताउनुभयो ।

हाल कर सहभागिता लागत घटाउन, कार्यशैलीलाई व्यवसायिक बनाउन, स्वेच्छिक करदाताको सहभागिता बढाउन, निजी क्षेत्र तथा नागरिक समाज, गैर सरकारी निकायसँग सहकार्य गरेर अघि बढ्नुपर्ने चुनौति विभाग सामु रहेको उहाले बताउनुभयो । आन्तरिक राजस्व विभागको ३ वर्षे सुधार आयोजना २०६९/७० देखि शुरु गरिएको र कर प्रशासनलाई गतिशिल बनाउन अरु कार्यक्रम पनि गर्दै जाने बताउनुभयो । आश्यकता अनुसार कर प्रशासनलाई स्थानीयस्तरमा विस्तार गर्दै जाने पनि उहाले बताउनुभयो । ।

कर प्रणालीको सुधार आन्तरिक राजस्व



कार्यक्रमलाई सम्वोधन गर्नुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा




माननीय अर्थमन्त्री डा. रामशरण महत, अर्थसचिव श्री सुमन शर्मा तथा महानिर्देशक श्री चुडामणि शर्माका साथ कार्यक्रममा सम्मानित व्यवसायी तथा कर्मचारीहरू


वस्तु वा सेवा खरीद गर्दा अनिवार्य रूपमा बिल विजक लिने दिने बानी बसालौं ।



आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन तथा स्मारिका लोकार्पण गर्नुहुँदै माननीय अर्थमन्त्री डा. रामशरण महत



चिकित्सकहरूबाट सवैभन्दा बढी आयकर दाखिला गर्ने डा. भोला रिजाललाई सम्मान गर्नुहुँदै माननीय अर्थमन्त्री डा. रामशरण महत

विभागको एक्लो प्रयासले सफल नहुने भएकाले सवैको सहयोग चाहिने बताउनुभयो । कर प्रशासनलाई सवैको सहयोगले गर्व गर्न लायक बनाउँदै आजसम्म आइपुगेको बताउनुहुदै कर तिर्नु भनेको राष्ट्रिय विकासमा योगदान गर्न पाउने अवसर भएको बताउनुभयो । आफूले तिरेको कर, आफ्नै समृद्धिको लागि, आफ्नै सम्मानका लागि भएकाले यो जिम्मेवारी र कर्तव्यको विषय पनि भएको बताउनुभयो । सोही अवसरमा महानिर्देशक शर्माले करको दायरामा नआएकाहरूलाई आउन विनम्र अनुरोध गर्नुभयो । आर्थिक अपराध गर्ने व्यक्तिलाई कारवाही गर्ने बताउनुहुदै कर प्रशासन आफू स्वयं पनि जिम्मेवार हुने बताउनुभयो । कर प्रणालीमा उल्लेखनीय योगदान गर्ने व्यक्तिलाई सम्मान गरिएको बताउनुहुदै कर दिवसको अवसरमा सम्मानित एवं पुरस्कृत हुने सवैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा सम्मानित हुनुभएका डा. भोला रिजालले कर तिरी र राज्यको एउटा सभ्य नागरिक बन्नुपर्ने नारा आफूहरूले अभियानका रूपमा अगाडि बढाउने पनि जनाउनु भयो । यस अघि पनि ऊँ अस्पताल एण्ड रिसर्च सेन्टर इमान्दार भएर कर तिर्ने संस्थाको रूपमा पुरस्कृत भइसकेको हो । जसले कर तिर्छ त्यसलाई राज्यले सम्मान गर्दछ भन्ने पुष्टि भएको छ । सम्मानको कसरी जगेर्ना गर्न सक्दछौं, यसको जगेर्ना गरेर कसरी जोगाइ राख्न सक्दछौं यसलाई भोलि पनि देखाउन सक्नु पर्छ भन्नुहुँदै यस्तो जागरणबाट कर तिर्दा भने सम्मान पनि पाइने रहेछ भन्ने सन्देश प्रवाह हुने समेत बताउनुभयो । कर तिरेर राष्ट निर्माणमा सहभागी बनौं भन्ने आग्रह गर्दछु भन्नुहुँदै आफूहरू माथि परेका अप्ठेराहरू, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभागले सुनिदिन आग्रह गर्नुभयो ।



आर्मी अफिसर्स क्लबमा आयोजित विशेष कार्यक्रममा कर प्रशासनका कर्मचारीहरू



कार्यक्रममा सम्मानित व्यवसायी तथा कर्मचारीहरू

सम्मानित हुने कर्मचारीहरूको तर्फबाट आन्तरिक राजस्व विभागका निर्देशक श्री मदन दाहालले आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरूमा सेवा गरेको कदर स्वरूप गरेको सम्मानका लागि हार्दिक धन्यवाद तथा आभार प्रकट गर्नुभयो । उत्कृष्ट सेवा प्रवाहको माध्यमबाट करदातामैत्री कर प्रशासन संचालन गर्दै आइरहेको विभाग जहिले पनि करदाताको सेवामा समर्पित रहेको सन्दर्भमा विभागको सोच र मान्यता अनुरूप आफूहरूले अझै उत्कृष्ट काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री प्रदीपजंग पाण्डेले कर प्रशासनमा भएको सुधारले राजस्व संकलनमा पनि सुधार भइरहेको र करको दायरामा आउने व्यवसायीहरूको संख्या पनि बढ्दै गएको बताउनुभयो । करदाताको सहभागिता उत्साहजनक रूपमा बढेको छ । उद्योग वाणिज्य महासंघले माग गरेका विषयवस्तुहरू अर्थमन्त्रालयबाट सम्बोधन भए अनुसार करको दायरा अझै बढ्दै जाने उहाँले बताउनुभयो । तेस्रो राष्ट्रिय कर दिवसको अवसरमा आन्तरिक राजस्व विभागको अगुवाइमा नेपाल उद्योग वाणिज्य महासंघ, उच्च माध्यामिक शिक्षा परिषद् र हिसानको सहयोग तथा संयोजनमा साप्ताहिक रूपमा वर्षैभरी कर हाजिरी जवाफ प्रतियोगिता (ट्याक्स क्वीज) सञ्चालन गर्ने कार्यक्रम तय गरिएको बताउनुहुँदै नेपाल उद्योग वाणिज्य महासंघले सधै सामाजिक उत्तरदायित्व सहित पारदर्शी व्यवसाय गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो । महासंघका सवै सदस्यहरू यसमा प्रतिवद्ध छन् । करको ज्ञानको अभाव र करको लागत बढी हुनाको कारणले कर संकलनमा केही समस्या भएकाले यसमा सहयोग गरिदिन सरकारसंग आग्रह गर्नुभयो ।

कार्यक्रममा कात्तिक २८ गते विभागमा सञ्चालन गरिएको माध्यामिक तथा उच्च माध्यामिक स्तरीय निवन्ध प्रतियोगितामा प्रथम, द्वितीय, र तृतीय स्थान प्राप्त गर्ने विजयी विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । उक्त निवन्ध प्रतियोगिताको विषय 'कर व्यवस्थापनमा नागरिकको कर्तव्य' रहेको थियो । सो प्रतियोगितामा २६ जना विद्यार्थीहरूले प्रतिस्पर्धा गरेका थिए । प्रथम हुने प्रतियोगीलाई रु २५ हजार, द्वितीय हुनेलाई रु २० हजार र तृतीय हुनेलाई १५ हजार नगद पुरस्कार र प्रशंसा पत्र प्रदान गरिएको थियो । प्रतियोगितामा रेडियन रिडर्स एकेडेमी सानेपाका सरोज पौडेल प्रथम भएका थिए भने वागमती आवासीय उमावि ललितपुरका कृषल कर्माचार्य दोस्रो र एलआरआइ स्कुल कलंकी काठमाडौकी प्रकृति थापाले तेस्रो स्थान हासिल गरेकी थिइन् ।



आफ्नो आय आफै हिसाव गरेर ठीक रकम कर तिरौं ।

# नेपाल उद्योग वाणिज्य महासंघसँग अन्तर्क्रिया सम्पन्न

काठमाडौं । तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ समापनको उपलक्ष्यमा मंसिर ७ गते नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा कर सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा अर्थमन्त्री डा. रामशरण महतले नेपाल उद्योग वाणिज्य महासंघले प्रकाशित गरेको कर सम्बन्धी जानकारी पुस्तिका लोकार्पण गर्नुभयो । अर्थमन्त्री महतले व्यवसायीको माग बमोजिम कर पुनरावलोकन आयोग गठन भएको बताउनुहुँदै देशको अर्थतन्त्र मजबुत बनाउन जरुरी रहेको तथा उद्योग व्यवसाय विस्तार नभै अर्थव्यवस्था मजबुत नहुने भएकाले लगानीमैत्री वातावरण तयार गर्न सरकार सधै लागि परेको बताउनुभयो। विगतको तुलनामा राजस्व बढ्दै गएको बताउनुहुँदै सूचना प्रविधिको प्रयोगले करदाताको लागतमा कम भएको बताउनुभयो। करदाताहरू कर कार्यालय देख्ने वित्तिकै डराउने होइन, जाउँ जाउँ लाग्ने वातावरण बनाउन कर प्रशासन पनि नयाँ ढंगले अगाडि बढ्नुपर्छ भन्नुहुँदै अझै पनि कतिपय व्यवसायीहरू करको दायरामा नआएकाले कुनै न कुनै रूपमा कानुनले दायरामा ल्याउने उहाँले बताउनुभयो । राज्यलाई कर तिर्नु करदाताको कर्तव्य भएको बताउनुहुँदै राजस्व प्रशासनको ढिला सुस्ती रोक्न, कर चुहावट र छली रोक्न अर्थ मन्त्रालयले सूचना गर्न सक्ने पैसा नलाग्ने टेलिफोनसहितको एउटा सहयोगी कक्ष गठन गर्न लागेको बताउनुभयो। कर पुनरावलोकन आयोग गठन भएकोले उद्योग वाणिज्य महासंघका केही सुझाव भए राख्न अनुरोध गर्नुहुँदै लगानीको क्षेत्रमा उत्साहजनक सहभागिताका लागि नेपाल उद्योग वाणिज्य महासंघको ठूलो भूमिका हुने भएकाले सहयोग गर्न आग्रह समेत गर्नुभयो । मन्त्री महतले कर सप्ताह सफल भएकोमा सवैमा शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा अर्थमन्त्रालयका सहसचिव श्री राजन खनालले कानुनमा समस्या भयो भन्दै व्यवसायीहरूले स्किम ल्याउन आग्रह गरेको बताउनुभयो । कर कानुनका विषयमा अध्ययन गरेर मात्र व्यवसाय थाल्न आग्रह गर्नुहुँदै कर सम्बन्धी पुस्तक प्रकाशन गरेर सार्थक काम भएको समेत बताउनुभयो। कर पुनरावलोकन आयोग गठन व्यवसायी र सरकार दुवैको कुरा



महासंघले प्रकाशन गरेको कर सम्बन्धी पुस्तकको विमोचन गर्नुहुँदै माननीय अर्थमन्त्री डा. रामशरण महत

सुन्नका लागि भएको उहाँको भनाई थियो । जसरी मौरीले फूललाई नकारात्मक प्रभाव नपारी फूलबाट पराग निकाल्छ, त्यसरी नै राज्यले करदाताबाट कर संकलन गर्दा करदाताको आय आर्जन गर्न सक्ने क्षमता नखल्बलाई कर संकलन गर्नुपर्दछ भन्ने कौटिल्यले २४ सय वर्ष अगाडिको भनाई राख्नुहुँदै **Tax** भनेको त्याग हो, फिर्ता माग्न पाइदैन हुनेबाट उठाएर नहुनेलाई दिने हो, तर कहाँ लगानी भयो ? त्यसको खोजीनीति गर्न भने पाइने बताउनुभयो। राज्यलाई बढी कर तिऱ्यो भने सामाजिक सुरक्षा बढी पाइन्छ भन्नुहुँदै कर तिरेर पनि खुसी हुने काम गर्न व्यवसायीलाई आग्रह गर्नुभयो । हाम्रो देशले अष्ट्रेलियाको करको अभ्यास गरिरहेको बताउनुहुँदै करदातालाई कर कार्यालय जानै नपर्ने गरी सूचना प्रविधिकै माध्यमले यसअघि विवरण मात्रै बुझाउन सकिनेमा आगामी दिनमा सूचना प्रविधिकै प्रयोगबाट रकम दाखिला गर्न सकिने व्यवस्था पनि गर्न लागिएको बताउनुभयो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले कर प्रणालीको महत्व जनस्तरसम्म पुऱ्याउन, करदाताको संख्या वृद्धि गर्न, त्यो दिनको सम्झना गर्नका लागि कर दिवस मनाउन शुरु गरिएको बताउनुहुँदै यस जागरण अभियानले कर प्रकृयालाई सरलीकृत गर्न, करदातालाई सम्मान गर्न आगामी दिनमा नविन संकल्पलाई अगाडि बढाएर लैजान सहयोग पुग्ने बताउनुभयो । कर सप्ताहका अवसरमा निबन्ध प्रतियोगिता, कविता प्रतियोगिता, उत्कृष्ट करदातालाई सम्मान, करदातालाई सुसूचित गर्न कर बुलेटिनको प्रकाशन गरिएको उहाको भनाइ थियो । बक्यौता रकम धेरै उठ्न बाँकी रहेकाले उपभोक्ताबाट लिएर राज्यलाई तिर्नुपर्ने २० अर्व भन्दा बढी रकम राज्यलाई नतिर्नु जस्तो अपराध के हुनसक्छ ? भन्नुहुँदै कार्य विधि बनाएर उच्चशिक्षा अध्ययनरत विद्यार्थीलाई प्रशिक्षण दिएर विल विजक हेर्न पठाइने उहाँले बताउनुभयो । अन्तिम रूपमा उपभोक्ताको अनुगमन गरेर, विल विजकीकरणको समस्या समाधान गर्नुपर्ने बताउनुहुँदै लिने र दिने वातावरण स्वस्फूर्त अभियानबाट अगाडि बढ्नु पर्ने उहाको भनाइ थियो । कर प्रशासन सशक्त ढंगले अगाडि बढ्न लागेकाले आर्थिक ऐन २०७१ को सदुपयोग गर्न आग्रह गर्नुभयो । नीतिगत व्यवस्था, व्यवस्थापकीय, संरचनागत कुरा आदिका विषयमा कर पुनरावलोकन आयोग गठन भएको बताउनुहुँदै कुनै समस्या भए लिएर आउन आग्रह गर्नुभयो ।

कार्यक्रममा उच्चस्तरीय कर पुनरावलोकन आयोगका अध्यक्ष डा. रूपबहादुर खड्काले १२ वर्षको अवधिमा कर सुधारको कार्यमा तुलना गर्दा स्वरूप र संरचना राम्रो भएको बताउनुभयो। मुलुक संघात्मक अवस्थामा जान लागेकाले कर प्रणालीमा केही सुधार हुनुपर्ने उहाले बताउनुभयो। अन्तर्राष्ट्रिय रूपमा कर निर्धारण गर्नु पर्ने भएकाले अन्तर्राष्ट्रिय



कार्यक्रममा सहभागी हुनुदै माननीय अर्थमन्त्री डा. रामशरण महत, अर्थसचिव श्री सुमन शर्मा, अर्थ मन्त्रालयका सहसचिव श्री राजन खनाल, आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा, उच्चस्तरीय कर पुनरावलोकन आयोगका अध्यक्ष डा. रूपमबहादुर खड्कालगायत नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधिहरू

अभ्यासलाई पनि अध्ययन गर्नुपर्ने बताउनुहुँदै स्वदेशी र विदेशी लगानीकर्तालाई आकर्षित गर्न लगानीमैत्री वातावरण बनाउनु पर्ने तथा सन् २०२२ मा विकसित मुलुक बनाउनका लागि पनि करमा केही सुधार आवश्यक रहेको उहाँको भनाई थियो ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री प्रदीपजंग पाण्डेले मुलुक संघीयतामा जाँदै गरेकाले कर पुनरावलोकन जरुरी रहेको बताउनुहुँदै साना करदातालाई सरलीकृत व्यवस्था गरिदिन, करदाता शिक्षामा जोडदिन आग्रह गर्नुभयो । सूचना प्रविधिको माध्यमबाट विवरण बुझाउने व्यवस्थालाई अझै सरलीकृत गर्दै लगे व्यवसायीको लागत अझै घट्ने उहाँको दावी थियो ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ, कर समितिका सदस्य श्री शौरभ ज्योतिले राज्यलाई कर तिर्न आग्रह गर्नुहुँदै कर नतिरी देशको विकास नहुने बताउनुभयो । मुलुक संघीयतामा प्रवेश गर्न लागेकाले कर पुरावलोकन समितिसँग सहकार्य गरेर अघि बढ्न महासंघ तयार रहेको बताउनुभयो । कर निर्धारण गर्दा धरौटीमा राखिने रकम अनुत्पादक भएकाले खारेजी गरिदिन आग्रह गर्नुहुँदै कर फछ्र्यौट आयोगको गठन तत्काल होस् भन्नुहुँदै देशको ३० जिल्लामा मात्र कर कार्यालय रहेकाले अझै विस्तार गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा चार्टर्ड एकाउन्टेन्ट श्री सुदर्शनराज पाण्डेले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । जसमा मूल्यअभिवृद्धि करको दर्ता खारेजी प्रकृया निकै झन्झटिलो भएकाले मूल्य अभिवृद्धि कर खारेजी प्रकृयाको सरलीकरण हुनुपर्ने बताउनुभयो । उहाँले कम्प्यूटर **Error** बाट नियमित कर विवरण बुझाउने करदातामाथि सृजित करको भारमा शुल्क जरिवाना मिनाहा गरी कर मात्र बुझाए पुग्ने व्यवस्था हुनुपर्ने र सोही अनुसार विद्यमान सफ्टवेयर व्यवस्थापन गर्नुपर्ने बताउनुभयो । कर दर्ता एवं कर सहभागितामा करदातामा मनोगत त्रास रहेको, करमा दर्ता हुन गए दुःख पाइन्छ भन्ने भावना रहेकाले कर शिक्षा एवं आचरणमा सुधार ल्याउनु पर्ने र करदातालाई सम्मान गर्ने परिपाटीलाई संस्थागत गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले कानुनी एवं अन्य विविध कारणले कर निर्धारण हुन नसकी रहेको फाइल बढ्दै गइरहेको सन्दर्भमा एक उच्चस्तरीय एवं अधिकार सम्पन्न कर फछ्र्यौट आयोग आवश्यक रहेको र हाल कर निर्धारण भई सकेको तर विविध कारणले कर दाखिला हुन नसकेको रकम दिनानुदिन बढ्दै गइरहेको सन्दर्भमा निश्चित मापदण्ड बनाई करदातालाई दायित्व फरफारक गर्न एवं राज्यमा रकम दाखिला समेत गर्न एक उच्चस्तरीय एवं अधिकार सम्पन्न बक्यौता फछ्यौंट आयोग आवश्यक रहेको बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघबाट प्रकाशित पुस्तक खासगरी साना तथा मझौला व्यवसायीहरूलाई लक्षित गरी संक्षिप्त रूपमा, सन्दर्भ सामग्रीको रूपमा कर सम्बन्धी पूर्ण जानकारीका लागि आयकर ऐन, मूल्य अभिवृद्धि कर ऐन, अन्तःशुल्क ऐन एवं आर्थिक ऐन तथा सो ऐनहरूसँग सम्बन्धित नियमावली एवं आन्तरिक राजस्व विभागले व्याख्या सहित प्रकाशित गरेका आयकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क निर्देशिकालाई आधिकारिक स्रोत बनाउदै प्रकाशन गरिएको भन्ने व्यहोरा समेत जानकारी गराउनु भयो ।

# वित्तीय संस्थाका प्रतिनिधिसँग अन्तर्क्रिया सम्पन्न

काठमाडौं । तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ को उपलक्ष्यमा नेपाल बैंकर्स संघको आयोजनामा मंसिर ५ गते 'राजस्वमा बैंकिङ क्षेत्रको योगदान' विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले असाध्यै राम्रा र गहन विषयहरू कार्यक्रममा उठेकाले विभागको परिधि भित्र रहेका समस्याहरू समाधान गर्न आफूहरू तयार रहेको बताउनुभयो । संरचनागत र नीतिगत कुराहरूलाई ध्यान दिंदै समस्याहरूको सम्बोधन गर्दै जानुपर्ने विषयमा जोड दिनुहुँदै महानिर्देशक श्री शर्माले राज्यले कृषिलाई करमा छुट दिएकाले कृषि



वित्तीय संस्थासँगको अन्तर्क्रिया कार्यक्रममा सहभागी हुनुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा लगायत वित्तीय संस्थाका प्रतिनिधिहरू

क्रान्ति हुनुपर्ने र सोका लागि बैंकहरूले छुट दिएर धेरै भन्दा धेरै लगानी कृषि क्षेत्रमा गर्न सक्ने हो भने बैंकहरूले मुनाफा कमाउन सक्ने र कर पनि बढ्ने उहाको भनाइ थियो । मुलुक निर्माणका लागि सरकारले आर्थिक ऐन ल्याएर एक पटकका लागि अवसर दिएकाले सो अवसरको सदुपयोग गर्न आग्रह गर्नुहुँदै बैंकिङ क्षेत्रले पनि राज्यबाट हामीले के पायौं भन्दा पनि राज्यका लागि गरेको योगदान प्रति वित्तीय क्षेत्रले गर्व गर्न आग्रह गर्नुभयो । कर प्रशासनको अस्तित्व करदातामा रहेकोले बैंक तथा वित्तीय संस्थाले उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धि गरी करदाता र तिनको कर तिर्ने क्षमता बढाउने तर्फ लगानी केन्द्रित गर्नुपर्ने उहाको भनाइथियो । वैंकको तल्लो तहसम्म कर सचेतना पुऱ्याउन जरुरी रहेको बताउनुहुँदै वित्तीय क्षेत्र र विभागको नेटवर्कलाई सूचना प्रविधिको माध्यमले जोड्न जरुरी रहेको बताउनुभयो । अपेक्षा र अवस्थाको समन्वय गर्न आन्तरिक राजस्व विभाग तयार रहेको बताउनुहुँदै हाम्रो सोचाइमा, व्यवहारमा वृद्धि गर्न तथा चुहावट नियन्त्रण गर्ने कार्यमा सहयोग गरिदिन आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल बैंकर्स संघका तर्फबाट अधिवक्ता श्री विनय रेग्मीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतिको क्रममा गत आर्थिक वर्षमा बैंकिङ क्षेत्रबाट कर्पोरेट, पारिश्रमिक र टिडिएस र अन्य गरी जम्मा रु ११.६९ अर्वको कर योगदान रहेको बताउनुभयो । सो रकम अघिल्लो आर्थिक वर्षको तुलनामा रु १.२० अर्वको वृद्धि हो । साथै, आन्तरिक राजस्व विभागले संकलन गरेको कूल आयकर रकम मध्ये बैंकिङ क्षेत्रबाट कर्पोरेट करमा १५.६९ प्रतिशत तथा पारिश्रमिक करमा १०.८४ प्रतिशतको योगदान रहेको उहाले बताउनुभयो ।

सोही अवसरमा बैंकिङ क्षेत्रको पारदर्शीतालाई ध्यान दिंदै अन्य क्षेत्र सरह कर लागू गर्ने, अरु क्षेत्रलाई अझ पारदर्शी बनाउने, कर व्यवस्था सम्बन्धमा भएका अप्ठ्यारा प्रावधानहरूमा समयानुकूल संशोधन गर्ने, आदि सम्बन्धमा आवश्यक व्यवस्था हुन समेत सुझाव दिइएको थियो । कार्यक्रममा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, डेभलपमेन्ट बैंकर्स एशोसिएसन, नेपाल वित्तीय संस्थालगायत, काठमाडौंस्थित कर कार्यालयका प्रमुखहरूको समेत उपस्थिति रहेको थियो ।

# कानुन व्यवसायीसँग अन्तर्क्रिया सम्पन्न




कानुन व्यवसायीहरूसँगको अन्तर्क्रिया कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्मा

काठमाडौं। तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ को उपलक्ष्यमा मंसिर ३ गते करदातासेवा कार्यालय, पुतलीसडक तथा नेपाल बार एशोसिएसन, राजस्व तथा आयकर कानुन समिति, मूल्यअभिवृद्धि कर कानुन समिति, कानुन व्यवसायी तथा प्रशिक्षण समितिको संयुक्त आयोजनामा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले करका वारेमा कार्यपत्र प्रस्तुत गरेर कानुन व्यवसायीहरूमा कर सम्बन्धी परेका समस्याहरूको समाधान गर्न सहयोग पुऱ्याइएकोमा अधिवक्ता श्री शरदप्रसाद कोइराला र करदाता सेवा कार्यालय पुतलीसडकका प्रमुख कर अधिकृत श्री दुर्गादत्त भण्डारीलाई हार्दिक धन्यवाद दिनुभयो। उहाँले कानुनव्यसायी स्वयं एउटा करदाता भएको र वारको तर्फबाट सेवाग्राहीलाई कानुनी सल्लाह, मध्यस्थकर्ता र सचेत नागरिकको भूमिका, निभाउने सामाजिक इन्जिनियर पनि भएकाले कर कानुनको परिपालना गराउन कानुन व्यवसायीहरूको भूमिका महत्वपूर्ण हुने बताउनुभयो। श्री शर्माले कर भनेको राज्य सञ्चालनको आन्तरिक र दायित्व विहिन स्रोत भएकाले राज्यको अवधारणासँगै कर तिर्नु पर्ने भनाइ राख्नु भयो। त्यसैगरी राज्यले विकासका गतिविधि सञ्चालन गर्नको लागि रकम आवश्यक पर्ने भएकाले कर उठाउनु राज्यको अधिकार र नागरिकको कर्तव्य रहेको उहाँको भनाइ थियो। महानिर्देशक श्री शर्माले हिजो व्यवसायीहरूबाट भएको गल्तीलाई सुधार्नको लागि सरकारले आर्थिक ऐनबाट स्किमको घोषणा गरी एक पटक मौका दिएको बताउनुहुँदै हिजो गरेको गल्तीलाई एक पटकका लागि सरकारले माफी दिएकाले अहिले सरकारले भने बमोजिमको विवरण बुझाएर तपाइहरूको व्यवसायको वैधानिकता पुष्टि गर्ने आधार हुनेछ। गल्ती गर्नु अपराध होइन, गल्ती दोहोऱ्याउनु अपराध हो भन्नुहुदै कानुनको व्याख्या तपाइहरूले गर्ने भएका कारण आदर्शवान बन्न आग्रह गर्नुभयो। उहाँले इमान्दार बन्न आग्रह गर्नुहुँदै कानुनको परिपालना गर्नु र गराउनु समेत कानुन व्यवसायीहरूको कर्तव्य भएको समेत बताउनुभयो। आफू पनि जागौं, अरुलाई पनि जगाऔं भन्दै श्री शर्माले राज्य बनाउने जिम्मेवारी सबैको भएकाले आन्तरिक राजस्व प्रशासन कडा भएर प्रस्तुत हुने व्यहोरा पनि उल्लेख गर्नुभयो। कानुन व्यवसायीका लागि कर सम्बन्धी कुनै समस्या भए संयुक्त रूपमा निर्देशिका पुस्तिका प्रकाशन गर्न विभाग तयार रहेको समेत महानिर्देशक श्री शर्माले बताउनुभयो।

कार्यक्रममा विभागका निर्देशक श्री गोपाल घिमिरेले कार्यक्रममा उपस्थित अधिवक्ता तथा कानुन व्यसायीहरूका तर्फबाट प्राप्त जिज्ञासाको समाधान गर्नु भएको थियो। जसमा कानुन व्यवसायीहरूले व्यक्तिगत तथा दम्पत्तिले तिर्नुपर्ने कर, विदेशी स्रोतबाट प्राप्त रकममा लाग्ने कर, विदेशी सरकारसँग भुक्तानी गर्ने गरी रोजगारी गर्नेको करलगायतका विषयवस्तुको वारेमा जिज्ञासा राख्नु भएको थियो। करदातासेवा कार्यालय पुतली सडकका प्रमुख कर अधिकृत श्री दुर्गादत्त भण्डारीले कर सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। उहाले कर प्रशासनले कानुन व्यवसायीलाई दुई वटा भूमिका स्वयं करदाता र दोस्रो अरु करदातालाई दायरामा ल्याउन सक्ने मध्यस्थकर्ता समेत भएकाले करको दायरा विस्तारमा उचित सहयोग हुनुपर्नेमा स्वयं दर्ता भएर पनि कतिपय व्यवसायीले विवरण नबुझाएको बताउनुभयो। हाल आन्तरिक राजस्व विभागले करदाताको सुविधा एवं कर तिर्ने लगानीको कटौती गर्ने उद्देश्यले सूचना प्रविधिको उपयोगलाई बढावा दिएको जानकारी दिनुहुँदै **User Name & Password** लिएर कारोवार गरेकै स्थलबाट विवरण दाखिला गर्न कानुन व्यवसायीहरूलाई आग्रह गर्नुभयो। उहाँले आर्थिक ऐन २०७१ को कर छुट सुविधा सम्बन्धी जानकारी गराउनुहुदै करको दायरामा आउनेलाई शुल्क तथा व्याज मिनाहा एवं अन्य प्रदान गरिएका सहुलियतसम्बन्धी व्यवस्थाका वारेमा प्रष्ट पार्नु भएको थियो।

अधिवक्ता श्री शरदप्रसाद कोइरालाले कार्यपत्र प्रस्तुत गर्दै कानुन व्यवसायीको पृष्ठभूमिलगायत करपाटी राख्नुपर्ने व्यवस्था सम्बन्धी जानकारी, पारिश्रमिक कर भुक्तानी, संस्थागत कर भुक्तानी, करको गणना र करको दर, कानुन व्यवसाय/व्यवसायीले परिपालना गर्नुपर्ने प्रावधानका वारेमा प्रकाश पार्नु भएको थियो। कार्यक्रममा उपस्थित अधिवक्ता तथा कानुनव्यवसायीहरूले कर तिर्नु असल नागरिकको कर्तव्य भएकोले स्वेच्छाले कर तिर्नुपर्ने पद्दतिको विकास गर्ने कुरामा जोड दिनुभयो। कर प्रशासन पहिले र अहिले धेरै परिवर्तन भइसकेको बताउँदै रुखको जरै काटेर कर लिने होइन, रुखको फलबाट मात्र कर तिर्ने व्यवस्था हुनुपर्ने उहाँहरूको तर्क थियो। माहुरीले फूलबाट मह बनाउने र फूल पनि नविगार्ने भएकोले सो प्रकृया करमा पनि हुनुपर्ने बताए। कर र मृत्यु सत्य हो भन्दै राज्यले कर जसरी पनि लिन सक्ने भएकाले दायरालाई बढाएर राजस्व बढाउन सकिने उहाँहरूको तर्क थियो। कार्यक्रममा अधिवक्ताहरू चण्डेश्वर श्रेष्ठ, हरि फुयाल, प्रकाश महर्जन, तुल्सी भट्टराई, अनिल सिंह आदिको उपस्थिति रहेको थियो।



कार्यक्रममा सहभागी हुनुहुंदै कर प्रशासनका कर्मचारी तथा कानुन व्यवसायीहरू

# कडाइका साथ कर प्रशासनले बक्यौता रकम उठाउने

काठमाडौं। तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ को उपलक्ष्यमा मंसिर ४ गते नेपाल चेम्बर अफ कमर्शको आयोजनामा कर सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा आन्तरिक राजस्व विभागका






नेपाल चम्बर अफ कमर्सद्वारा आयोजित कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्मा र उपस्थित कर प्रशासनका कर्मचारी तथा व्यसायीहरू

महानिर्देशक श्री चुडामणि शर्माले वक्यौता भयावह अवस्थामा रहेको बताउनुहुँदै उपभोक्ताबाट रकम उठाएर राज्यलाई नबुझाउने उपर विभाग कडा रूपले प्रस्तुत हुने बताउनुभयो। वक्यौता रकम उठाउन सम्बन्धित कर प्रशासनका कर्मचारीलाई आफूले निर्देशन दिएको बताउनुभयो। कर प्रणालीमा आवद्ध हुने तर विवरण नबुझाउने, आफैले घोषणा गरेको रकम पनि राज्यलाई नबुझाउँदा अपराध गरेको ठहर्ने उहाँको भनाई थियो। व्यवसायीका जायज माग र समस्याहरू विवेकशील भएर समाधान गर्न आफू तयार रहेको बताउनुहुँदै आगामी दिनमा नेपाल चेम्बर अफ कमर्स र कर प्रशासन मिलेर अघि बढ्नु जरुरी रहेको बताउनुभयो। सबै नागरिक करदाता बन्नुपर्ने विषयमा जोड दिँदै सरकारले लगानीमैत्री वातावरण बनाएको र करदातामैत्री प्रशासनको विकासमा आफूहरू लागेको समेत बताउनुभयो। करदता र करप्रशासनबीच सुमधुर सम्बन्ध हुन जरुरी रहेको बताउनुहुँदै गलत ढंगले विल विजक जारी गर्ने प्रवृत्ति उपर अनुसन्धान गर्ने योजना कर प्रशासनले बनाएको बताउनुभयो। मुलुकका व्यवसायीले इमान्दार भएर कर तिरिदिने हो भने मुलुकलाई आर्थिक समृद्धिका लागि रोजेको, खोजेको, सोचेको सामाजिक सुरक्षा राज्यले दिन कुनै कठिनाइ नहुने उहाँको भनाइ थियो।

महानिर्देशक श्री शर्माले व्यवसायीहरूलाई स्वस्थ्य व्यवसाय विस्तार गर्न राज्यलाई तिर्नुपर्ने कर समयमै तिर्न अनुरोध समेत गर्नुभयो। व्यवसायीहरूका समस्या सुन्न, सुनाउन र सुधार्न वस्तुगत संघ र राजस्व प्रशासनको साझेदारीमा समाधान गर्न सकिने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा कर प्रणाली पुनरावलोकन आयोगका अध्यक्ष डा. रूपबहादुर खड्काले सार्क र विकाससिल देशको तुलनामा नेपालको कर प्रणाली राम्रो रहेको बताउनुहुँदै देश एकात्मक प्रणालीबाट संघात्मक प्रणालीमा प्रवेश गर्ने अवस्थामा रहेकाले कर प्रणालीमा पुनरावलोकन गर्नुपर्ने कुरामा जोडदिनुभयो। मुलुकलाई सन् २०२२ सम्ममा विकासशील राष्ट्रमा स्तरोन्नति गर्नको लागि पनि कर प्रणालीमा पुनरावलोकन गर्नुपर्ने स्थिति रहेकाले अहिलेका व्यवहारिक समस्यालाई हटाएर कसरी अघि बढ्ने भन्ने विषयमा व्यवसायीहरूसँग छलफल गरी सुझाव लिने उहाँको भनाइ थियो।

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्शका वरिष्ठ उपाध्यक्ष श्री लोकमान्य गोल्छाले मुलुकको समृद्धिका लागि करदाताको भूमिका महत्वपूर्ण हुने बताउनुहुँदै सरकारलाई पूजीको आवश्यकता पर्ने भएकाले करदाताले त्यो पूरा गरिरहेको बताउनुभयो। सरकारले प्रत्येक वर्ष मनाउने कर दिवसले करदातामा राम्रो सन्देश प्रवाह भएको बताउनुहुँदै कर प्रशासन र करदाताबीचको सम्बन्ध सुमधुर रहँदै जानु सुखद पक्ष रहेको उहाँको भनाइ थियो। साथै भविष्यका लागि पनि नेपाल चेम्बर अफ कमर्श करदातामैत्री कर प्रशासनको विकास, बढी भन्दा बढी कर सभागिताको लागि सधैं अग्रसर रहेको प्रतिवद्धता समेत व्यक्त गर्नुभयो। यसै सन्दर्भमा कर सहभागिता बढाउनका लागि वर्षभरी नै करदाता शिक्षालगायत विविध कार्यक्रम सञ्चालन गरिने उहाँले बताउनुभयो। कर प्रशासनसँग भएको समस्या समाधानका लागि नेपाल चेम्बर अफ कसर्मले आवद्ध संघ संस्थालाई परेको समस्या विभाग र मन्त्रालयमा पुऱ्याउने पुलको काम गरिरहेको उहाँको भनाई थियो।

नेपाल चेम्बर अफ कमर्शका महासचिव श्री कमलेशकुमार अग्रवालले आन्तरिक राजस्वमा वृद्धि हुँदै गएको तर जनताले पाउने सुविधामा वृद्धि हुन नसकेको गुनासो राख्नुहुँदै जनताले विकास उन्नति, प्रगति खोज्नु गलत नभएको बताउनुहुँदै उत्पादनमूलक क्षेत्रमा मूल्यअभिवृद्धि कर लगाउनु पर्ने र व्यवसायीमा पनि आर्थिक पारदर्शीता हुनुपर्ने कुरामा जोड दिनुभयो। कार्यक्रममा उपस्थित व्यवसायीहरूले आआफ्ना व्यवसायसँग सम्बन्धित कर सम्बन्धी समस्याहरू उठान गरेका थिए।

## कर सप्ताहमा रक्तदान कार्यक्रम

काठमाडौं। राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ को अवसरमा मंसिर ४ गते नेपाल इट्टा उद्योग महासंघको आयोजना एवं काठमाडौं उपत्यका इट्टा उद्योग संघ समन्वय समितिको व्यवस्थापनमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले करको दायरामा आउने व्यक्तिको राज्यले पनि सम्मान गर्ने संस्कृतिको सुरुवात गरेको बताउनुहुँदै असल नियतका व्यवसायीले सरकारको कर प्रणाली कार्यान्वयन गर्न सहयोग गर्ने गरेको र सरकारले पनि सम्मान गरेको बताउनुभएको छ। ईट्टा व्यवसायीको व्यवसाय अन्य व्यवसायभन्दा फरक र विशेष प्रकृतिको भएकाले यस व्यवसायलाई व्यवस्थित गर्न समय लाग्ने तर्क प्रस्तुत गर्नुहुँदै महानिर्देशक शर्माले विशेष प्रकृतिका व्यवसायको संवेदनशीलतालाई हेरेर सरकारले काम गरिरहेको समेत बताउनुभयो। कार्यक्रममा महासंघका अध्यक्ष महेन्द्रबहादुर चित्रकारले ईट्टा व्यवसायीहरू सरकारी कर प्रणालीमा रहेर काम गर्न तयार रहेको र व्यवसायको प्रकृति अन्य व्यवसायभन्दा फरक भएकाले त्यही अनुरूप सरकारले विशेष कार्यक्रम ल्याउन माग गर्नुभयो। अध्यक्ष चित्रकारले ईट्टा उद्योगमा काम गर्ने कामदारहरू दक्ष नहुने र सबै व्यवसायीहरूले पनि कर प्रणालीवारे चेतनशील नभएकाले कर प्रणालीवारे सचेतना जगाउनु नै प्रमुख चुनौति रहेको धारणा व्यक्त गर्नुभयो। महासंघका महासचिव शंकरबहादुर चन्दले आधुनिक प्रविधि प्रयोग गरेका ईट्टा उद्योगहरू मूल्य अभिवृद्धि कर प्रणालीमा गइसकेका भए पनि अधिकांश भुसा प्रविधिका ईट्टा भट्टाहरू राज्यको कर प्रणालीमा नआउदा व्यवसायलाई व्यवस्थित गर्न नसकिएको धारणा राख्नुभयो।

ईट्टा उद्योग मौसम अनुसारको व्यवसाय भएको, पानी पर्दा ईट्टा बिग्रने हुदा अनुमान भन्दा बढी नोक्सान व्यहोर्नुपर्ने वाध्यता भएको, अदक्ष कामदारसँग काम गर्नूपर्ने अवस्था लगायतका वाध्यताले मूल्यअभिवृद्धि कर प्रणालीमा जान नसकिने बताउदै आएका ईट्टा व्यवसायी गत वर्ष मात्रै मूल्य अभिवृद्धि करमा आवद्ध भएको बताए। विभाग, महासंघ र नेपाल रेडक्रस सोसाइटीद्वारा संयुक्त रूपमा आयोजित सो कार्यक्रममा दुई सय जनाले रक्तदान गरेका थिए।



करसम्बन्धी दायित्वहरू समयमा नै पूरा गरी सचेत नागरिकको परिचय दिऔं।

# ग्याँस विक्रेता महासंघसँग अन्तर्क्रिया सम्पन्न

काठमाडौं। तेस्रो राष्ट्रिय कर दिवस एवं कर सप्ताह २०७१ को अवसरमा मंसिर ३ गते ग्याँस विक्रेता महासंघको आयोजनामा 'एलपी ग्याँसको कारोवारमा देखिएका कर सम्बन्धी समस्या र समाधान' विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले सामान्य पूँजी र ज्ञानको आधारमा कारोवार गर्न सक्ने हुँदा ग्याँस बिक्री सम्बन्धी कारोवार मध्यम स्तरका मानिसको व्यवसाय भएका कारण व्यवसायिक कारोवारको हिसाव किताव राख्न अप्ठेरो नहुने बताउनुभयो। सूचना एवं ज्ञानको अभावको कारण हाल व्यवसायीमा करको सम्बन्धमा नकारात्मक धारणा रहे पनि कर भनेको कारोवार गरेपछि लाग्ने र फाइदा भएपछि मात्रै तिर्नुपर्ने उहाँले बताउनुभयो। आयकर वर्षभरि गरेको कारोवारको मुनाफामा लाग्ने कर हो भने मूल्यअभिवृद्धि कर कारोवार वृद्धि हुँदै **Value Add** को आधारमा तिर्ने कर हो भनी व्यवसायीलाई प्रष्ट पार्नुभयो। क्रेता र विक्रेताको खातामा फरक परेको अवस्थामा मिसम्याच हुने भएकाले खरीद र बिक्रीको




ग्याँस विक्रेता महासंघको कार्यक्रममा सहभागी हुनुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा

यथार्थ लेखांकन गर्न समेत अनुरोध गर्नुभयो। लेखा प्रणालीको ज्ञानको कमी, कर छल्ने प्रवृत्ति एवं सचेतना कमी भएका कारण पनि मिसम्याचमा पर्ने भएकाले साक्षर बन्न जरुरी रहेको उहाँको भनाई थियो। ग्याँस बिक्रेता महासंघका लागि साझा रूपमा गाइड लाइन पुस्तिका तयार गरी व्यवसायीलाई साक्षरता बनाउन सके अन्यौलता नरहने समेत उहाँले बताउनुभयो। सफल व्यवसायी बन्नका लागि अवसरलाई आत्मसात गर्दै अग्रसर भएर अघि बढ्न समेत उहाँले आग्रह गर्नुभयो।

कार्यक्रममा महासंघका उपाध्यक्ष श्री महेश्वर श्रेष्ठले राज्यलाई कर बुझाउनुपर्छ भन्ने अभिप्रायले नै १५ हजार व्यवसायीहरूलाई करको दायरामा ल्याउन सफल भएको बताउनुभयो। उहाले विभागले उठाएका कर सम्बन्धी मुद्दाहरूलाई आगामी दिनमा सहयोग र हातेमालो गरेर अघि बढ्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो। महासंघका प्रतिनिधि श्री ज्ञानेश्वर अर्यालले गत वर्ष त्रुटिका कारणले धेरै व्यवसायी मिसम्याचमा परेको र लामो छलफल गरेपछि विभागको पहलमा आफ्नो पेशा सञ्चालन गर्ने वातावरण बनाई दिएकोमा महासंघको तर्फबाट धन्यवाद दिनुभयो।

कार्यक्रममा कर समस्या समाधान समिति, ग्यास विक्रेता महासंघका संयोजक श्री यज्ञप्रसाद भट्टराईले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। विगत चार दशकदेखि नै नेपालमा एलपी ग्यासको कारोवार हुदै आए पनि ज्ञानको कमी एवं स्पष्ट नीति नियम र कानुनी व्यवस्थाको बुझाइमा कमीले गर्दा व्यवसायी र सरोकारवालाहरूलाई कर सम्बन्धी समस्या पर्दै आइरहेको उहाँले बताउनुभयो। उहाँले व्यवसायीहरूले नियतबस कर छली गर्ने भन्दा पनि ज्ञानको कमीका कारणले मिसम्याचमा परेको बताउनुभयो। कार्यक्रममा आन्तरिक राजस्व विभागका निर्देशक श्री गोपाल घिमिरे, ग्यास विक्रेता महासंघ नेपालका वरिष्ठ उपाध्यक्ष श्री ओमकार केसी, नेपाल आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्ट, ग्यास विक्रेता महासंघका निवर्तमान अध्यक्ष ज्ञानेश्वर अर्याल महासंघका जिल्लास्थित प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो।

# कर दिवसको उपलक्ष्यमा कविता प्रतियोगिता

काठमाडौं। तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ को उपलक्ष्यमा मंसिर ४ गते करदाता सेवा कार्यालय नयाँ वानेश्वर र नेशनल प्याक्सन काठमाडौंको आयोजनामा पुरानोवानेश्वर स्थित एपेक्स कलेजमा उपत्यकाव्यापी माध्यामिक तथा उच्च माद्यामिक विद्यालय स्तरीय कविता प्रतियोगिता सम्पन्न भएको छ। मुलुकभरका विभिन्न ३७ वटा विद्यालयबाट ६२ जना विद्यार्थीहरूले सहभागिता जनाएको उक्त प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना विद्यार्थीहरूलाई क्रमशः २०, १५, १० र ५ हजार नगद सहित पुरस्कृत गरिएको छ। प्रतियोगितामा नेशनल आइडियल स्कुलकी कक्षा ९ मा अध्ययनरत छात्र श्री लोचन तामाङ प्रथम, विभुती प्रज्ञा निकेतनकी श्री मन्दिरा उप्रेती द्वितीय, दिपिका शिक्षा




कविता प्रतियोगितामा विजयी हुने विद्यार्थीहरुको माझ महानिर्देशक शर्मा

सदनकी श्री स्मृका बस्नेत तृतीय र एपेक्स लाइफ स्कुलकी आश्रा न्यौपाने सान्त्वना पुरस्कारबाट पुरस्कृत भएका थिए। अन्य सहभागी विद्यार्थीहरूलाई प्रमाणपत्र सहित सम्मान गरिएको थियो।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले विद्यार्थीहरूमा जागरण ल्याउने खालका यस्ता कार्यक्रम आयोजना गरेकोमा करदाता सेवा कार्यालय नया वानेश्वर र नेशनल प्याक्सनलाई विशेष धन्यवाद दिनुहुँदै कार्यक्रममा वाचन भएका सवै कवितालाई विभागले पुस्तकको रूपमा प्रकाशित गर्ने बताउनुभयो। उहाँले वर्षैभरी मुलुभर कर सम्बन्धी हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्न लागिएको र छनौट हुँदै आएका समूहबाट केन्द्रमा अन्तिम प्रतिस्पर्धा गराइने जानकारी समेत दिनुभयो। उपस्थित छात्र छात्राहरूलाई सकारात्मक सोचका साथ अगाडि बढ्न आग्रह गर्नुहुँदै भोलिका कर प्रशासक तपाईहरू नै भएकाले कर सम्बन्धी जानकारी अरुलाई पनि दिन आग्रह गर्नुभयो।

कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राममणि दुवाडीले बाल्यकाल निश्छल र पवित्र बेला रहेको भएता पनि विद्यार्थीहरूबाट कर सम्बन्धी मार्मिक कुराहरू आएको बताउनुभयो। विद्यार्थीहरूले औपचारिक तालिम विना पनि कर सम्बन्धी मिठा कविताहरू प्रस्तुत गरेको बताउनुहुँदै जन्म, मृत्यु र कर सत्य भएकोले कर तिर्ने दायित्वबाट कोही पनि विमुख हुन नसक्ने बताउनुभयो। तपाई हामी सवै करदाता हौं भन्नुहुदै हामीले जे जति कुराहरूमा खर्च गरिरहेका हुन्छौं, त्यसमा कर तिरिरहेका हुन्छौं भन्दै हामी सवै करदाता हौं भन्नुभयो। प्रत्येक करदाताले आफूले तिरेको करबाट के भयो भन्ने जानकारी लिन पाउनु उसको कर्तव्य र अधिकार हो भन्नुहुदै बालबालिका शिक्षित बर्ग भएकाले करको बारेमा आफूले जानेका कुराहरू अरुलाई पनि जानकारी प्रदान गराइदिन आग्रह समेत गर्नुभयो।

# कर व्यवस्थापनमा नागरिकको दायित्व

**सरोज पौडेल**

कर भन्नाले कानुन बमोजिम सरकारलाई दिनुपर्ने त्यस्तो रकम हो जुन सरकारलाई तिरे बुझाए वापत तत्काल प्रतिफल पाउन सकिदैन । तर त्यस्तो योगदान गरेवापत राज्यले देश विकासमा रकम लगानी गर्न सक्छ । कर नै राजस्वको प्रमुख स्रोत हो । कर हरेक देश विकासका लागि अत्यावश्यक गहना हो । कर विना कुनै देशको विकास सम्भव छैन । करलाई प्रथम पटक लागू गर्ने देश जापान थियो । करकै माध्यमबाट जापानले विकास हात पार्न सफल भएको थियो । कर सरलता, समानता, निश्चितता, एकरूपता, उत्पादकत्व, सजिलोपना र लचकता जस्ता सिद्धान्तहरूलाई आत्मसात गरी अगाडि बढेको हुन्छ ।

कर प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई भागमा बाँडिएको हुन्छ । प्रत्यक्ष कर त्यस प्रकारको कर हो जुन कर जसमाथि लगाइन्छ उक्त कर लगाइएकै व्यक्तिबाट भुक्तानी गर्नुपर्ने हुन्छ । प्रत्यक्ष करलाई प्रगतिशील करका रूपमा चिनिन्छ । यस करको भार र प्रवाह तेस्रो पक्षमा सार्न सकिदैन । आयकर घर जग्गा कर सम्पत्ति कर पारिश्रमिक कर, सवारी कर आदि प्रत्यक्ष करका उदाहरणहरू हुन् । प्रत्यक्ष करमा निश्चितता हुन्छ । यस करले सामाजिक चेतनामा पनि अभिवृद्धि ल्याउँछ । प्रत्यक्ष करमा करदाताले बोझ महसुस गर्न सक्छ । यो कर झन्झटिलो र असुविधाजनक पनि हुन्छ । प्रत्यक्ष करमा करदाताले छल्ने प्रयत्न पनि गर्न सक्छ । अप्रत्यक्ष कर कुनै एउटा व्यक्तिबाट लगाइन्छ तर दायित्व आंशिक वा पूर्ण रूपले अर्को व्यक्तिमा हुन्छ । यस करमा भार एक व्यक्तिबाट अर्को व्यक्तिमा सार्न सकिन्छ । यस करका फाइदाहरू अपनाउन सजिलो, अतिरिक्त बोझको महसुस नहुने, अत्याधिक जनसहभागिता र लचकतायुक्त हुन्छ । यो कर सुविधाजनक भए पनि अप्रगतिशील, संकलन गर्दा खर्चिलो, धनको असमान वितरण र अनिश्चित हुन्छ ।

करको उद्देश्य देशमा आर्थिक स्थायित्व कायम गर्नु, सामाजिक न्याय कायम गर्नु, लोककल्याणकारी समाजको स्थापना गर्नु र अत्यावश्यक वस्तुको उत्पादन र उपभोगलाई उत्साहित गर्नु पनि हो । यसका उद्देश्य बचतमार्फत् पूँजी निर्माण गरी लगानीमा वृद्धि गर्ने, साधनस्रोतको न्यायोचित वितरण गर्ने र देशको आर्थिक स्थितिमा वृद्धिगर्ने पनि हो । नेपालमा प्रचलित करहरू मध्ये आयकर, मूल्यअभिवृद्धि कर, सवारी कर, भन्सार महसुल आदि हुन् । पूँजी, श्रम वा दुवैको सम्मिश्रणको उपयोगबाट प्राप्त हुने प्रतिफल नै आय हो । यही आय माथि लाग्ने करलाई आयकर भनिन्छ । नेपालमा आयकर व्यवसाय, लगानी, आकस्मिक लाभ आदि क्षेत्रमा लगाउने गरिन्छ । मूल्य अभिवृद्धि करले वस्तु तथा सेवाको उत्पादनदेखि उपभोगसम्मका हरेक तहमा हुने मूल्य वृद्धिमा लाग्ने करलाई बुझाउँछ । हाल नेपाल लगायत संसारका १३० प्रतिशत भन्दा बढी मानिसहरू यस करमा आवद्ध छन् । नेपालमा मूल्य अभिवृद्धि कर २०५४ साल मंसिर १ गतेबाट लागू भएको थियो ।


निवन्ध प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने छात्र सरोज पौडेललाई पुरस्कृत गर्नुहुँदै माननीय अर्थमन्त्री डा. रामशरण महत

हरेक देशका जनता आफ्नो राज्यबाट विकास निर्माणका कार्यहरू होओस् भन्ने चाहना राख्छन् । सरकारले आफ्नो जनताको इच्छा पूर्ति गर्नका लागि अनेक विकास निर्माणका कार्यहरू गर्नुपर्छ । हरेक जनतालाई उचित शिक्षा, वातावरण, स्वास्थ्य खानेपानी, विजुली बत्ती आदिको व्यवस्था मिलाउनुपर्छ । ठाउँठाउँमा आवश्यक स्रोत र साधन पुऱ्याउनु पर्छ । अनेक कार्यक्रमहरूको आयोजना गरी सवैमा खुसी र सुखको फूल फुलाउनुपर्छ । यही कुरा नै जनताले आफ्नो राज्यबाट अपेक्षा गरेका हुन्छन् । कर देशको कुलभुषण हो । कर हरेक क्षेत्रमा लागू हुने गर्दछ । उदाहरणका निम्ति : यदि हामीले कुनै सामान किन्यौं र त्यसलाई बेची नाफा कमायौं त्यस अवस्थामा हामीले नाफा कमाएको रकमबाट सरकारलाई कर बुझाउनु पर्ने हुन्छ । कर बिजुली, सवारी साधन, व्यापार, उद्योग, शिक्षा, स्वास्थ्य जस्ता सवै क्षेत्रमा लागू हुन्छ । कर बुझाउनु सवैको कर्तव्य हो । हरेक करदाताले ठीक समयमा कर कार्यालयमा गई आफूलाई लागेको कर बुझाउनुपर्छ । कर देशको आर्थिक स्रोत भएकाले यसको महत्व सवै माझ फैलाउनुपर्छ । विकासको साँचोको रूपमा रहेको कर सवैबाट भुक्तानी हुनुपर्छ । आज संसारका विकसित देशहरू करकै सहयोगले सफल भएका हुन् । उदाहरणका निम्ति जापान जो पहिले असाध्यै गरिव मुलुक थियो । त्यहाका मानिसले राम्रो खाना पनि खान पाएका थिएनन् । तर जव त्यहाको राज्यले कर व्यवस्था लागू गऱ्यो तब सम्पूर्ण विकासका पूर्वाधारहरू बन्न थाले । हाम्रो प्यारो मातृभूमि नेपाल अझै पनि गरिवीमा पिल्सिएको छ । देशमा राजनीतिक अस्थिरता

र भ्रष्टाचार मौलाएको छ । नेपालका जनतावर्ग विकासको मार्गमा लम्कन चाहन्छन् तर त्यो सफल हुन सकेको छैन । यस्तो बेलामा हामी सबैले कर नै तिरि दिएनौं भने के होला ? सम्पूर्ण देशको भविष्य औंशीको रात जस्तै कालो हुन पुग्छ। त्यसैले सम्पूर्ण जनताले करको महत्व बुझ्नु आवश्यक छ । हाम्रो देश विकसित हुन नसक्नुको कारण नै करको पूर्ण रूपमा पालन नगर्नु हो । यसैले हामी सबैले करको उचित व्यवस्थापनमा ध्यान दिन आवश्यक छ। करको उचित व्यवस्थापनका निम्ति सबै नेपाली एकजुट हुनुपर्छ । सबैले काँधमा काँध मिलाई करको महत्व सम्पूर्ण नेपाल भरी फैलाउनुपर्छ । कर के हो ? करका आवश्यकता के के हुन् ? करले देश विकासमा खेल्ने भूमिका के के हो ? भन्ने जस्ता कुराको ज्ञान सबै जनतामाझ फैलाउनुपर्छ । यसका निम्ति सम्पूर्ण सञ्चार माध्यम जस्तै रेडियो, टेलिभिजन, समाचारपत्र आदि पनि सक्रिय रहनु आवश्यक हुन्छ । घर दैलो कार्यक्रम, गोष्ठी जस्ता कार्यक्रमको सहयोगबाट पनि करको महत्व सबैमाझ प्रस्फुटन गर्न सकिन्छ । यस कुरालाई सरकारले पनि सक्दो सहयोग गर्नुपर्छ । देशको भविष्यका कर्णधार अर्थात् बालबालिकालाई यसको ज्ञान दिनका निम्ति पाठ्यक्रमभित्र यस विषयको जानकारी समावेश गर्नुपर्छ। अरु विकसित देशले अपनाएका करका राम्रा व्यवस्थाको लागू गरेमा पनि सबैमाझ करको महत्व झल्किन्छ । यस विषयमा कर सम्बन्धित मन्त्रालय अथवा राजस्व विभाग पनि अझ सक्रिय हुनुपर्छ। राजस्व कार्यालयले करको उचित व्यवस्थापनको कार्ययोजना बनाई लागू गर्नुपर्छ । करका महत्वको वारेमा ज्ञान नभएका व्यक्तिहरूलाई यसको महत्वको कुरा हरेक घर, हरेक गल्ली र सबै ठाउँ प्रस्फुटन गर्नुपर्छ। कर व्यवस्थापनका लागि अनेक अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सम्मेलन गर्नुपर्छ। जसमा जन सहभागिता उच्च हुनुपर्छ। देशका गाउँ गाउँमा यसको महत्व वारे चर्चा गर्नुपर्छ। हरेक जनताका मनमा 'कर तिर्नु हाम्रो कर्म हो' भन्ने भावना जगाउनुपर्छ। कर समयभन्दा पछाडि वा तिर्दै नतिर्नेलाई कडा भन्दा कडा सजायको व्यवस्था गर्नुपर्छ । करका वारेमा जानकारी भएका व्यक्तिहरूका घर वरपर कर नतिर्ने छन् भने तत्काल अख्तियार वा राजस्व कार्यालयलाई सम्पर्क गर्नुपर्छ। कर सबैले तिर्नै पर्ने हुनाले यसको पालन नगर्नेलाई अवश्य पनि दुःख त दिनै पर्छ । 'हाम्रो देश, हाम्रो सर्वस्व' भएकाले करलाई सबैले भुक्तानी गरी देश विकासमा सबैले कम्मर कस्न आवश्यक छ ।

कर देश विकासको प्रमुख आधार हो। करले नै हरेक विकासका कार्यहरू सफल पार्न सहयोग गर्छ । कर राष्ट्र विकासको प्रमुख मेरुदण्ड भएकाले यसलाई सबैले सम्मान गर्नुपर्छ र समयमै भुक्तानी गर्नुपर्छ । करको महत्व प्रस्फुटन गर्नका लागि सबै जनता एकजुट हुनुपर्छ। करले देश विकास सफल पार्ने भएकाले सबैले यसको पालन गर्नुपर्छ । कर व्यवस्थापनमा नागरिकको ठूलो कर्तव्य रहेको हुनाले सबै जनता मिलेर हरेक ठाउँमा यसको महत्व पहिल्याउनुपर्छ। करको ज्ञान नभएकाहरूलाई यसको महत्व झल्काउनुपर्छ । करले देशमा आर्थिक स्थायित्व कायम गर्ने भएकाले यसलाई हरेक क्षेत्रबाट पालन र भुक्तानी गर्नुपर्छ। यसो गरेमा अवश्य पनि हरेक देशले विकासको मोड अपनाउन सक्छ र सम्पूर्ण जनताले शिक्षा, स्वास्थ्य, विजुली जस्ता सुविधाको उचित प्रयोग गर्न सक्छन् । त्यसैले 'घरघरमा कर को चर्चा गरौं, असल नागरिकको परिचय दिऔं ।' धन्यवाद ।

कक्षा ९, रेडियन्त रिडर्स एकेडेमी

# कर सम्वन्धी हाजिरी जवाफ

प्रस्तुतीः प्रकाश शर्मा ढकाल
शाखा अधिकृत आन्तरिक राजस्व विभाग

१. नेपालमा पहिलोपटक मूल्य अभिबृद्धि कर कहिले देखि लागू भएको हो ?
**२०५४ मंसिर १ देखि**

२. मूल्य अभिबृद्धि कर लागू हुँदा कति प्रतिशतका दरले कर लाग्ने व्यवस्था थियो ?
**१० प्रतिशत**

३. नेपालमा मंसिर १ गते लाई कहिले देखि राष्ट्रिय कर दिवसको रूपमा मनाउन थालिएको हो ? २०६९

४. नेपालमा पहिलोपटक कर विभागको स्थापना कति सालमा गरिएको थियो ?
२०१९

५. मूल्य अभिबृद्धि करले साविकका कुन कुन करहरूलाई प्रतिष्थापन गरेको हो ?
**मनोरञ्जन कर, होटल कर, विक्रि कर र ठेक्का कर**

६. हालसम्म नेपालले कति देशहरूसँग दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौता गरिसकेको छ ? **१० देश**

७. साविकको कर विभागको नाम परिवर्तन गरी हालको आन्तरिक राजस्व विभागको गठन कहिले भएको हो ? **२०५८ श्रावण १**

८. मूल्य अभिबृद्धि करमा दर्ता भएको व्यक्तिले कति रूपैयासम्मको कारोवारमा संक्षिप्त कर विजक जारी गर्न पाउँदछ ? **पाँच हजार**

९. हाल बहाल आयमा कति प्रतिशतको दरले कर लाग्दछ ? **१० प्रतिशत**

१०. आयकर ऐन, २०५८ अनुसार आयका शिर्षकहरू कति रहेका छन् ?
४ **(व्यवसाय, रोजगारी, लगानी र आकस्मिक लाभ)**

११. आयकर ऐन, २०५८ अनुसार प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको कति समयभित्र सो आय वर्षको आय विवरण पेश गर्नु पर्दछ ?
**तीन महिना भित्र (बढीमा तीन महिना म्याद थप गर्न सक्ने)**

१२. मूल्य अभिबृद्धि कर ऐन, २०५२ अनुसार कर अधिकृतको परिभाषा भित्र नपर्ने निम्न मध्ये कुन हो ?
क. प्रमुख कर प्रशासक ख. आन्तरिक राजस्व विभागका निर्देशक
ग. उपमहानिर्देशक घ. महानिर्देशक
**घ. महानिर्देशक**

१३. अन्तःशुल्क ऐन, २०५८ कहिले देखि प्रारम्भ भएको हो ?
२०५८/१०/१७

१४ सामाजिक सुरक्षा कर कति प्रतिशतको दरले लाग्दै आएको छ ?
**१ प्रतिशत**

१५. आन्तरिक राजस्व विभागबाट भएको प्रशासकीय पुनरावलोकनको निर्णय उपर कहाँ पुनरावेदन लाग्ने व्यवस्था छ ? **राजस्व न्यायाधिकरणमा**

१६. आ.व. २०७१/७२ को लागि वासिन्दा प्राकृतिक व्यक्तिको कतिसम्म करयोग्य आयमा पारिश्रमिक कर लाग्दैन ?
**२ लाख पचास हजार (दम्पत्तीको हकमा ३ लाख) स्मरण रहोस सो आयमा १ प्रतिशतको दरले सामाजिक सुरक्षा कर भने लाग्दछ ?**

१७. आयकर ऐन, २०५८ अनुसार ह्रासयोग्य सम्पत्तिलाई कति वर्गमा विभाजन गरिएको छ ? **५ वर्गमा**

१८. कुनै कर्मचारी वा कामदार वा मासिक रूपमा पारिश्रमिक प्राप्त गर्ने व्यक्तिलाई निजी प्रयोजनको लागि सवारी साधन उपलब्ध गराइएको भएमा कति रकम निजको रोजगारी आयमा समावेश गर्नु पर्दछ ?
**खाईपाई आएको तलवको ०.५ प्रतिशत**

१९. कुनै प्राकृतिक व्यक्तिले स्वीकृत औषधि उपचार खर्चको लागि कुनै आय वर्षमा औषधि उपचार वापत कर मिलान गर्न सकिने रकमको सिमा कति हो ?
रु. ७५०।-

२०. मासिक रूपमा विवरण पेश गर्नु पर्ने गरी मूल्य अभिबृद्धि करमा दर्ता भएको व्यक्तिले आफूले बुझाउनु पर्ने कर रकम निर्धारण गरी कहिलेसम्ममा विवरण पेश गरिसक्नु पर्दछ ? **महिना समाप्त भएको २५ दिन भित्र**



कुनै पनि कारोवार गर्नु अगाडि स्थायी लेखा नम्बर प्यान लिन नबिर्सौं ।

# Responsibilities of citizens in tax management

Krishal Karmacharya



Krishal Karmacharya, second place holder on essay competition held by IRD, prized by Ministery of Finance Dr. Ram Sharan Mahat

A tax is a financial charge assessed and imposed upon a taxpayers (individual or legal entity) by the government or state for the services which can be provided by the government or state only.

**'Tax and Death are two eternal truths of life'**

The quote above shows that tax is compulsory charge imposed upon a person of the country or, on any organization. The failure to pay tax, or evasion of resistance to collection of tax is punishable by law. The government collects different types of taxes and varies the tax rates. This is done to distribute the tax burden to individuals or classes of the population.

Tax consists of direct and indirect taxes Indirect tax is a tax levied by the government on goods and services rather than on income or profit.

Direct Tax is a tax, like income tax, that is levied on the income or profit of individuals or organizations (business). Historically, taxes were also collected for expenditure on wars and protection of public properties.

In the context of Nepal, The Government of Nepal (GON) collects revenues which can be broadly classified as tax revenue and non-tax revenue. Tax revenues include non-repayable receipts including fees, fires, dividend etc. Tax revenues can be broadly seen as:

- Customs : Customs include import tax, export tax, Indian excise fund. It is also called commodity tax based on foreign trade.
- Tax on consumption and production of goods and services: They include excise duty, sales tax, entertainment tax, value added tax (VAT) air flight tax, road and bridge tax etc. It is also called internal commodity tax on goods and services.
- Land revenue and registration : It includes land revenue and, house and land tax and also urban house and land tax, vehicle tax and tax on interest.
- Tax on property, profit and income - This source includes income tax from public enterprises, private corporate houses and individuals.

Customs and tax on consumption and production of goods and services fall under indirect tax while land revenue and tax on property, profit and income fall under direct taxes.

All these taxes are collected by the government and the collection is governed by certain tax laws or rules. In Nepal, tax law was implemented in 2002 A.D. (1958 B.s.) Under, the ministry of Finance, there are many government institutions and local bodies working throughout Nepal. The Inland Revenue Department (IRD) is responsible for the administration of income tax, value added tax (VAT) and excise duty and also for monitoring non-tax revenues of the government. The ministry of finance constituted the Revenue Advisory Board in May, 2000 by replacing Tariff Board with a purpose of advising the government about various dimension of taxation, especially devising long term revenue policy.

Talking about tax system of Nepal, it has not been good these past year. Many factors contribute to this condition.

Tax avoidance, evasion, delinquency have increased substantially over the years. These are the critical reasons why the number of taxpayers is just 3,70,000 (IRD, 2009/10) Which is about 1.5% of the total population. Tax avoidance is not deemed (looked upon) as to be against the law. This adds to the misery of general people and public activities. Shouldn't there be any rigid law for such case ? The citizens should raise voice and ask this question to the concerned stakeholders.

For better tax management, the tax administration should be provided best technical and logistic support. It is imperative to develop and expand networking database and information system for the tax administration to be dynamic. An elastic tax system ensures that the principles of taxation are properly followed and equity, efficiency and growth is experienced.

It is a legal duty of citizens to pay taxes to the government and the government expects every citizen to understand that the tax they pay will be mobilized and used for providing services to them. The citizens are expected to be loyal to the state. Tax avoidance has proved to be

Continue...17 page

# कर र करप्रति नागरिकको दायित्व



प्रकृति थापा

कर एक प्रकारको राजस्व हो । यो हाम्रो देश, नेपालको मुख्य आयस्रोत हो । कर मार्फत् हाम्रो देशले ८५ प्रतिशत रकम पाउछ । कर विभिन्न प्रकारका हुन्छन् । करहरू विभिन्न नीति र सिद्धान्तहरूमा आधारित हुन्छन् । करको संरचना राज्यले नै तय गर्दछ । यसले सर्वसाधारणको जनजीवनमा प्रभाव पार्ने भएकाले यसको संरचना तय गर्दा सोच, विचार पुऱ्याएर बुद्धिमत्तापूर्ण गर्नुपर्छ । तसर्थ, कर भनेको कानुन, विधान वा संविधान अनुसार सरकार र सरकारी निकायले सर्वसाधारणको हित वा विकासमा खर्च गर्नको निम्ति व्यक्ति, फर्म, कम्पनी र सँगठनबाट नियमअनुसार संकलन गर्ने रकम हो ।

करको साझा उद्देश्य न्यायोचित ढंगले आय र स्रोतको वितरण गर्नु हो । यसले उत्पादन र उत्पादकत्वको संकेत गर्दछ । यसले हानिकारक सामानको प्रयोगलाई र समाजको तडक भडकलाई निरुत्साहित गर्दछ । करले हरेक मानिसलाई जागरुक गराउछ । कर संकलनले बजार व्यवस्थापनमा पनि मद्दत गर्दछ । तसर्थ, कर राज्यको समुज्वल भविष्यको विकासको लागि अत्यन्त महत्वपूर्ण हुन्छ । कर विभिन्न सिद्धान्तमा आधारित हुन्छ । मुख्यत: करका सातवटा सिद्धान्त हुन्छन् । तिनको व्याख्या तल गरिएको छ ।

**भौतिक सिद्धान्त:**

यो सिद्धान्त फ्रान्सबाट शुरु भएको हो । यसले कृषियोग्य जमिनमा कर लगाउनमा जोड दिनुपर्छ भन्ने मान्यता बोकेको छ । त्यसैले अहिलेको युगमा यसको सार्थकता छैन ।

**आर्थिक साधन परिचालन सम्बन्धी सिद्धान्त:**

यो सिद्धान्तले मानिसलाई आर्थिक साधन परिचालन गर्नमा उत्साहित गर्दछ । यसको भार गरिव वर्गमाथि बढी पर्ने हुनाले प्रजातान्त्रिक मुलुकमा यो मान्य हुँदैन ।

**समानताको सिद्धान्त:**

यो सिद्धान्तले धनी र गरिवमाथि समान रूपले कर लगाउनु पर्ने विषयमा जोड दिन्छ । यो अहिलेको युगमा प्रचलित छ ।

**सेवा लागत सम्बन्धी सिद्धान्त :**

यो सिद्धान्तले सेवाको उपभोग गरे अनुरूप नै कर लिनुपर्छ भन्ने विषयमा जोड दिन्छ । यो प्रकारको कर बिक्रीको क्रममा मात्र लागू हुन्छ ।

**लाभको सिद्धान्त :**

यो सिद्धान्त सेवा लागत सम्बन्धी सिद्धान्तको आधुनिक संस्करण हो । यसलाई अर्थशास्त्रीहरूले आर्थिक क्रियाकलाप गर्न उत्प्रेरित गर्ने औजार मान्दछन् ।

**वित्तीय तटस्थताको सिद्धान्त :**

यस सिद्धान्तले उपभोक्ताको क्षमता अनुरूप कर लिनुपर्ने वा लागतको अनुरूप न्यून भन्दा न्यून कर लिनु पर्ने कुरामा जोड दिन्छ । यस करको अनुसार करले गर्दा जनताको जनजीवनमा प्रतिकूल असर पर्नु हुँदैन ।

**क्षमता अनुसारको सिद्धान्त :**

यस करको अनुसार उपभोक्ता वा करदाताको क्षमता अनुसार मात्र कर लिनुपर्छ । माथि उल्लेख गरिएका करका प्रकारको अतिरिक्त करका पिता आदम स्मिथका सिद्धान्तहरू पनि प्रचलनमा छन् ।

नेपालले कानुन बिना कर लिन नपाइने सिद्धान्तको अनुशरण गरेको छ । यसलाई (No taxation without Representation) भनिन्छ ।

आजको २१ औं शताव्दीमा विभिन्न मुलुकले विभिन्न प्रकारका कर बनाएका छन् । नेपालमा परिचालनमा भएको कर चार भागमा निम्न लिखित तरिकाले विभाजन गर्न मिल्छ ।

१. स्वरूपको अनुसार :
- प्रत्यक्ष कर - अप्रत्यक्ष कर

२. गुण वा परिणामको आधारमा
- वस्तुमा लाग्ने कर - इकाइमा लाग्ने कर

३. विधिका आधारमा :
- प्रगतिशिल कर - उद्योगमुखी कर
- प्रतिवादी कर - उत्थान कर

४. प्रकृतिका आधारमा :
- आय कर - सम्पत्ति कर
- पूँजी कर - बिक्री कर
- उपभोक्ता कर - उत्पादक कर

स्वरूपका आधारमा करको वारेमा निम्न उल्लेखन गरिएको छ ।

**प्रत्यक्ष कर :**

प्रत्यक्ष कर भनेको भार अरु माथि सार्न नमिल्ने कर हो । नेपाल सरकारले रोजगारी, लगानी, उत्पादनबाट मुनाफा हुँदा आयकर, सम्पत्ति कर, घरजग्गा घर, मालपोत, बिक्री कर, घर बहाल कर, आकस्मिक धनलाभ करको रूपमा उठाउने गरेको छ ।

यस प्रकारको करले थोरै लागतमा धेरै कर उठाउन मद्दत गर्दछ । प्रत्यक्ष करले नागरिकलार्य जागरुक गराउन मद्दत गर्दछ । यस प्रकारको करले करको सिद्धान्तलाई पूर्ण रूपमा मानेको हुन्छ । यस करले देशको समुचित विकास गर्नमा सहयोग गर्छ । यसले नागरिकलाई सहजताको पनि महसुस गराउछ । यस प्रकारको कर विकासशील मुलुकका लागि उचित छ ।

प्रत्यक्ष करले विकासको सोपान उकल्नमा सहयोग पुऱ्याए पनि नागरिकका लागि यस प्रकारको कर अप्रिय हुन्छ र यो करको क्षेत्र अप्रत्यक्ष कर जस्तो व्यापक पनि हुँदैन ।

**अप्रत्यक्ष कर :**

अरुमाथि भार सार्न मिल्ने करलाई अप्रत्यक्ष कर भनिन्छ । यसका उदाहरणहरू : मनोरन्जन कर, मूल्यअभिवृद्धि कर आदि हुन् । यस्ता करहरू उपभोग गर्ने सामग्रीमा लगाइन्छ ।

अप्रत्यक्ष करको क्षेत्र व्यापक हुन्छ । यो कर छल्नो प्रवृत्ति कम मानिसको हुन्छ । यो सरल, सहज र राज्यलाई सवल बनाउने कर हो । यसले बजार व्यवस्थापनमा सहयोग पुऱ्याएको हुन्छ । यस प्रकारको करले सर्वसाधारण जनताको जनजीवनमा प्रभाव पार्दैन ।

लाभ भए जस्तै अप्रत्यक्ष करको अवगुणहरू पनि छन् । यसको निश्चितता हुँदैन । यस प्रकारको करमा धेरै लागत लगाउनुपर्ने हुन्छ । अप्रत्यक्ष करले कहीले काही दुविधा पनि सिर्जना गर्छ । नेपालका अन्तर्राष्ट्रिय कर व्यवस्था यू.एनको कर प्रणालीमा आधारित छ । हाम्रो देशले १० देशसँगमात्र द्विपक्षीय कर कटौतीको प्रावधान गरेको छ ।

अत: कर नागरिकको लागि हो । करले प्रत्यक्ष रूपमा लाभ नदिए पनि हाम्रो दैनिक जीवनलाई सहजता प्रदान गरेको छ । त्यसैले कर तिर्नु नागरिकको दायित्व हो । कर तिर्ने दायित्व भन्नाले कर तिर्ने नियमअनुसार सम्बन्धित निकायमा करको भुक्तानी गर्नुपर्ने कर्तव्यलाई मानिन्छ । नेपालको कर व्यवस्थापन ऐनको दफा ७४ उपदफा १ अनुसार

करदाताको निम्नलिखित दायित्व हुन्छन् ।

१. कर लेखा रजिष्ट्रेशन नम्बर सम्बन्धित कर कार्यालयबाट समयमा नै लिनुपर्छ ।
२. लेखा नम्बरका कुनै विवरण परिवर्तन भएमा जानकारी दिनुपर्छ ।
३. अग्रिम कर कट्टी सम्बन्धी विवरण समयमा नै पेश गर्नुपर्छ ।
४. आयकरको विवरण असोज मसान्तभित्रमा प्रदान गर्नुपर्छ ।
५. किस्तावन्दी कर र त्यसको विवरण पुस मसान्तभित्रमा ३० प्रतिशत चैत मसान्तभित्रमा ७० प्रतिशत र असार मसान्तभित्रमा १०० प्रतिशत बुझाउनुपर्छ ।
६. करदाताले सूचना अनुरूप कर बुझाउनुपर्छ ।
७. करदाताले कर कार्यालयले मागेको विवरण समयमा पेश गर्नुपर्छ ।
८. करदाताले कर कार्यालयको क्रियाकलापमा अवरोध सृजना गर्नु हुदैन ।
९. करदाताले बक्यौता पनि समयमा तिर्नुपर्छ ।

नेपालको कर व्यवस्थापन ऐनको दफा ७४ उपदफा २ का अनुसार करदाताको अधिकार पनि सुनिश्चित छन् । करदाताको अधिकारहरू तल उल्लेख गरिएको छ ।

१. करदातालाई सम्मानजनक व्यवहार गरिनुपर्छ ।
२. करदातालाई कानुन बमोजिम करका वारेमा सूचना प्रदान गरिनु पर्दछ ।
३. करदातालाई प्रतिरक्षाका लागि लेखा परीक्षकलाई मुकरर गर्न पाउने व्यवस्था छ ।
४. करदातालाई करको विवरण पाउने पूर्ण हक हुन्छ ।
५. करदाताले कर सम्बन्धी विवरण पेश गर्ने समय पाउनुपर्छ ।
६. करदाताले सार्वजनिक परिपत्र हेर्न पाउछन् ।
७. करदाताले पुनरावेदन र पुनरावलोकनका लागि माग गर्न पाउछन् ।
८. करदाताले कर धेरै तिरेमा फिर्ता पनि पाउछन् ।
९. करदातालाई कर नियमअनुसार तिर्न र समयमा बुझाउन पूर्ण स्वतन्त्रता छ ।

वर्तमान परिप्रेक्षमा कर दिने र लिने दुवैमा समयमा आलस्य गर्ने बानी परिसकेको छ । करदाताले कर समयमा बुझाउन ढिलासुस्ती गर्न थालेका छन् । करदाता करको परिभाषा र उद्देश्य नबुझ्केकाले यस्तो भएको हो । करदाता स्वयं सचेत छैनन् । करदाताले आलस्य गर्नुको अर्को कारण असहजता पनि हो । कर कार्यालय टाढा भएकाले मानिसहरू गाउँ देखि सदरमुकाम धाउन चाहदैन । मानिसहरू अज्ञान भएकाले पनि कर तिर्नमा किचकिच गर्छन् । करदाताहरू सचेत भएर पनि कर छल्ने काम लोभ र लालसाका कारण गर्छन् ।

कर कार्यालयले करदातालाई समयमा सूचित गर्न सकेको छैन । सरकारी कार्यालयको काममा ढिलासुस्ती पनि हुन्छ र घुस लिने दिने चलनका कारण करदाताहरू कर तिर्न मन पराउँदैनन् ।

कर व्यवस्थालाई सुदृढ पार्न सरकारले नागरिक माझ चेतना फैलाउनुपर्छ । सरकारी कार्यालयको कामलाई व्यवसायिक बनाउन पर्छ । भन्सार र अन्य क्षेत्रमा सुरक्षा परिचालन गरेर नीति र ऐनको तर्जुमा गर्नुपर्छ । करको सविस्तार जानकारी दिनुपर्छ । करदातालाई सहज हुने गरी करको नीति निर्माण र संकलन कार्य गर्नुपर्छ । अन्ततः कर व्यक्ति विशेषको उन्नतका लागि नभई देशको उत्थानमा लगाउनुपर्छ ।

'कर बुझाऔं, कर बुझाउँदा हुन्न कुनै हानी
कर व्यवस्थापनमा सहयोग गरौं, रमाइलो मानि ।'

कक्षा : दश, स्कुल : एल.आर.आई.

## Responsibilities...

detrimental to the tax management sector. There are certain things the government and administration and the citizens can do to lessen the problems faced by tax management.

**Improving the legal frame work to weed out the possibilities of tax avoidance.**

An effective way to weed out the opportunities of tax avoidance is to tighten the legal framework. The best persons to do so would be the very tax lawyers and consultants who make a living by 'Creatively avoiding legal tax burden. However, the government should provide attractive remuneration packages to have them to the other side.

**Improving incentives for tax payment.**

Another effective and creative approach could be to improve incentives to those who pay their tax. For example- it would work if tax rebates were provided to the tax paying organizations which finance the government's development work.

**Persuasive and far reaching educations**

Many people are unaware of the laws of taxation and its potential benefits to the development of country. This adds to the gap between the tax revenues to be collected and the tax revenue actually collected. So, persuasive education can help to overcome this, from the school curriculum.

**Active role of civil societies in raising civic consciousness in the society.**

The civil societies are forums of common-minded people from various background who have the same interest. So, civil societies can integrate different people and make them inclined towards paying taxes.

To solve the problems of taxation in Nepal, it is imperative to understand the local contest and use creative ways rather then the hard hand of law. A key reason for people not paying taxes in that, they do not see any corresponding improvements in the public services that directly affect their lives. The urban people don't relate to better roads in the rural areas. The rich do not use public services like education facilities and public transport as much as the poor do. Thus, it is critical to communicate the improvements to the public through various channels (like Media).

Tax Management is a challenging job for the government administration, especially in a country like Nepal, where a majority of people live under abject (absolute) poverty and the people who are involved in economic activities have limited taxable capacity. clearly support from each and every sector of the country is required for efficient tax management. The citizens role can prove to be instrumental in this case. They can pay their taxes timely and persuade others to pay, and make many others to do so as well.

Here, a quote of a popular personality Ronald Reagan would add quite a meaning to the role of citizens in tax management.

'The taxpayer That's someone who works for the government but does not require to take the civil service examination.'

This also proves, how important is the role of citizens and to what extent they can contribute to the overall development of nation. Nation building is the prime responsibility of well civilized citizen of the present century.

Class : 11, College : Bagmati College, Sukedhara.

# कर प्रणालीलाई सशक्त बनाईदै

काठमाडौं। आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले देशको विकास निर्माणमा राजस्वको ठूलो भूमिका रहने बताउनु भएको छ। कात्तिक २९ गते शनिवार रिपोटर्स क्लव नेपालले आयोजना गरेको साक्षात्कार कार्यक्रममा उहाँले शासकीय परिपाटी र विकास निर्माणलाई टेवा पुर्‍याउन पनि कर तिर्नुपर्ने धारणा राख्नुभएको थियो। उहाँले आन्तरिक स्रोत जति बढी भयो त्यति नै मुलुक समृद्धि हुने पनि बताउनुभयो। शर्माले भन्नुभयो-सामाजिक न्यायको सिद्धान्त अनुसार पनि हुनेखानेबाट लिने र हुँदा खानेलाई दिनको लागि कर उठाईन्छ। उहाँले सुशासन कायम गर्न, कर चुहावटलाई नियन्त्रण गर्न, करको दायारा फराकिलो बनाउन, कर प्रशासनलाई चुस्तदुरुस्त बनाउन, आन्तरिक क्षमता अभिवृद्धि गर्न र संकलित पूँजीको न्यायपूर्ण एवं उत्पादनशील क्षेत्रमा खर्च गर्नपनि कर प्रणालीलाई सशक्त बनाउनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो 'त्यसको लागि हामीले नीतिगत, साँगठनिक सुधार, व्यवस्थापकीय सुधार एवं पर्यावरणीय अनुकुलतामा अभिवृद्धि गर्नुपर्छ।'' उहाँले सूचना तथा प्रविधिको विकासलाई आत्मसाथ गर्दै कर प्रणालीमा पनि ई-ट्याक्सको विकासलाई प्रर्वद्धन गर्नुपर्ने बताउनुभयो। शर्माले सबै जनतामा समान पहुँच पुर्‍याउन पनि साँगठनिक संरचनाहरूको व्यवस्था गर्नुपर्ने औल्याउनुभयो।

कार्यक्रममा प्रधानमन्त्रीका आर्थिक सल्लाहकार डा. चिरञ्जिवी नेपालले सरकारले कर नीतिमा आमूल परिवर्तन गर्नुपर्ने स्पष्ट पार्नु भएको थियो। नेपालको कर नीति खुकुलो र समयसापेक्ष नभएका कारण अहिले कर तिर्नेहरूले चाहेर पनि कर तिर्ने वातावरण नबनेको गुनासो गर्नुभयो। नेपालमा कर तिर्ने जनसंख्या अत्यन्तै कम भएको उल्लेख गर्नुहुदै यसले नागरिकको आर्थिक विकासमा समेत असर परेको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो 'करको दायरा अत्यन्तै फराकिलो पार्नुपर्छ, सरकार कमजोर छ भनेर हेपेर कर नतिर्ने प्रवृत्ति हावी भएको छ, यो तत्काल अन्त्य हुनुपर्छ। नागरिकले आर्जनबाट योगदान गर्न सिक्नुपर्छ।' कार्यक्रममा डा. नेपालले नेपालमा अहिले करिव १२ लाख मानिस करको दायरामा रहेको जानकारी दिनुभयो। नेपालले रेमिट्यान्सबाट करिब दुई खर्ब साठी अर्व राष्ट्रिय अर्थतन्त्रमा योगदान भएको उल्लेख गर्नुहुँदै यसको तुलनामा आन्तरिक




साक्षात्कार कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा, प्रधानमन्त्रीका आर्थिक सल्लाहकार डा. चिरन्जीवि नेपाल, पूर्व अर्थसचिव श्री युवराज भुसाल र नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री प्रदीपजंग पाण्डे

राजस्वको योगदान कम रहेको बताउनुभयो। उहाँले कर तिर्न सबै पेशागत संघ संस्था तथा व्यक्तिलाई सुसुचित र सचेत गराउनुपर्ने समेत सुझाव दिनुभयो। पूर्व अर्थसचिव एवं स्टाफ कलेजका कार्यकारी निर्देशक युवराज भुषालले करको दायरा अत्यन्तै साँघुरो भएको बताउनुहुँदै फराकिलो बनाउनुपर्ने धारणा राख्नु भएको छ। भुषालले आफ्नो शान्ति, सूरक्षा कायम गर्न र देश विकास गर्नपनि कर तिर्नुपर्ने बताउनुभयो। कर तिर्ने प्रणाली सहज र सुलभ बनाउनुपर्ने समेत उहाँले सुझाव दिनु भएको छ। उहाँले भन्नुभयो 'करको दर निचार्ने गरी बनाउनु हुँदैन। यसलाई प्रगतिशील बनाउनुपर्छ। त्यसैले हामीले यसपटकको चालु आर्थिक वर्षमा समेत प्यान फर अल भन्ने योजना लागू गरेका छौं।'' भुषालले कर तिरौं सम्मानित होऔं भन्नुहुँदै सवैलाई करको दायरमा आउन आह्वान समेत गर्नुभएको छ। उहाँले कर प्रणालीलाई व्यवस्थित बनाउन पनि ई-ट्याक्स प्रणालीमा जोड दिनुपर्ने सुझाव दिनुभयो। साथै साताव्यापी हुने कर दिवसलाई सफल बनाउन लागिपर्ने समेत प्रतिबद्धता व्यक्त गर्नुभयो।

नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष प्रदिपजंग पाण्डेले कर दिवस सफल पार्नका लागि नीजि क्षेत्रको दायित्ववोध हुनुपर्ने स्पष्ट पार्नु भएको छ। पाण्डेले पनि नेपालमा करिब १२ लाख व्यवसायीहरू करको दायरामा रहेको उल्लेख गर्नुहुँदै यसको दायरालाई फराकिलो बनाउनुपर्ने बताउनुभयो। उद्योग बाणिज्य महासंघ कर दिवस तथा कर सप्ताहलाई सफल बनाउन पूर्ण रूपमा प्रतिबद्ध रहेको स्पष्ट पार्नुभएको थियो। पाण्डेले कर तिर्नेलाई राज्यले सम्मान गर्नुपर्ने धारणा राख्नुहुँदै अहिले पनि करिव ९५ प्रतिशत मानिसहरू घर बहाल करको दायरामा नआएको टिप्पणी समेत गर्नु भएको थियो। उहाँले भन्नुभयो 'कर विना देशको विकास असम्भव छ, त्यसैले सबैलाई करको दायरामा ल्याएर समृद्धि तर्फ अघि बढ्नुपर्छ।'' उहाँले कर तिर्ने व्यवस्था बैकिङ् प्रणाली अनुसार नै गरिनुपर्ने बताउनुभयो।

# तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ विविध कार्यक्रमका साथ सम्पन्न

## आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ मा आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १ ले विविध कार्यक्रम सम्पन्न गरेको छ । मंसिर १ गते आन्तरिक राजस्व विभागको आयोजनामा भएको प्रभातफेरीमा व्यानर र प्लेकार्ड सहित कर दिवस समारोहमा सवै कर्मचारीहरू सहभागी भएका थिए । कर सप्ताहकै अवसर पारेर मंसिर ५ गते कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता (शैक्षिक संस्था) सँग कर सम्वन्धी विविध विषयमा अन्तरक्रिया कार्यक्रम गरिएको छ । करदाताबाट IT System slow भएकोले Fast वनाउनुपर्ने, कर सम्वन्धी सूचना तथा जानकारी पाक्षिक रूपमा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गर्नुपर्ने, करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम बारम्वार गर्नुपर्ने लगायतका मुद्दा उठाइएको थियो ।

## आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. २

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. २ ले विविध कार्यक्रमका साथ सम्पन्न गरेको छ । मंसिर १ गते आन्तरिक राजस्व विभागको कार्यक्रम अनुसार विभागसँग संयुक्त रूपमा प्रभातफेरी कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रमको दोस्रो दिन करदाता, लेखा परीक्षक सम्वद्ध विभिन्न पेशागत संघ सँगठनहरू, कर सहयोगी सम्वद्ध पेशागत संगठन तथा यस कार्यालयका प्रमुख कर प्रशासकलगायत सम्पूर्ण कर्मचारीको उपस्थितिमा 'करदाता मैत्री कर प्रशासनलाई सुदृढ गर्न यस कार्यालयको विद्यमान भौतिक, प्रकृयागत र व्यवहारगत विषयमा के कस्ता सुधारहरू गर्न जरुरी छ' भन्ने विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो । व्यवसायीहरूको तर्फबाट वैंकसँग करदाताले सुन किन्दा वैंकले खरिद गरेको विवरण अनुसूची १३ मा नभर्दा व्यवसायीहरूलाई मिसम्याचको समस्या सिर्जना भएको र त्यसलाई सम्वोधन गरिदिनुपर्ने, कर प्रशासनले मुस्कान सहितको सेवाका साथ विवेकशील हुनुपर्ने, पूजी बजारमा काम गर्ने व्यवसायीहरू लगायत आफ्नो कारोवार अनुमान गर्न नसक्ने प्रकृतिको व्यवसाय गर्नेको हकमा आयकर ऐन २०५८ को दफा ११८ को ब्याजमा सहुलियत हुनुपर्ने, नेपालमा संचालनमा रहेको कम्पनीको भारतमा काटेको **TDS** कसरी **Claim** गर्ने, बैंकले २ बजेपछि पैसा नलिने भएकाले समय बढाउनुपर्ने, प्यान दर्ता गर्दा करदातालाई एक घण्टाको अभिमुखीकरण तालिम दिनुपर्ने लगायतका विषयहरू उठान गरेका थिए । कार्यालयको तर्फबाट उठान भएका जिज्ञासाहरूको सम्वोधनगर्दै प्रभावकारी सेवा प्रवाहका लागि प्रतिवद्धता समेत व्यक्त गरिएको थियो ।

## आन्तरिक राजस्व कार्यालय, बुटवल

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ आन्तरिक राजस्व कार्यालय बुटवलको आयोजनामा विविध कार्यक्रम सञ्चालन गरी सम्पन्न भएको छ । मंसिर १ गते विभिन्न व्यवसायिक संघ-संगठन, करदाता, सञ्चारकर्मी तथा कलेजका विद्यार्थी सहितको टोलीले नगर परिक्रमासहित छलफल र अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कर सप्ताहकै अवसर पारेर घुम्ती शिविर तथा करदाता शिक्षा र अन्तर्क्रिया तथा **E-TDS** सम्वन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यालय परिसरमा नेपालको कर व्यवस्था केन्द्रित हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ । कर सप्ताह समापनका अवसरमा उपस्थित करदताहरूका तर्फबाट मु.अ.करमा थ्रेसहोल्ड बढाउनुपर्ने नकरात्मक सूचीमा राखिएका बस्तु हटाउनुपर्ने र बहुदरमा **VAT** लगाइनुपर्नेलगायतका सुझावहरू प्रदान गर्दै साना करदाता (पूर्वानुमानित कर विवरण) हरूलाई डे १ विवरण दाखिला गर्न अझै सहज बनाइनु पर्ने कुरामा जोड दिएका थिए । साथै वाणिज्य कार्यालय, घरेलु कार्यालय, नगरपालिकामा दर्ता भई स्थाई लेखा नं. लिई वा नलिई सञ्चालनमा नरहेका साना करदाताले कानुन बमोजिम कारोबार बन्द गर्न चाहेको तर सरकारको कर कानुनमा छुट सुविधा भएपनि सो फर्म बन्द गराउनुपर्ने निकायमा नवीकरण बापत ठूलो शुल्क जरिवाना रकम बुझाउनुपर्ने भएकोले स्थगन/दर्ता खारेजी गर्न नसेकोको गुनासो राखेका थिए । कार्यालयको तर्फबाट कार्यक्रममा उठान भएका नीतिगत विषय बस्तुलाई विभागमा प्रेषित गरिने, कर प्रशासनलाई अझ करदातामैत्री बनाइने, करदाता शिक्षा र अन्तर्क्रिया जस्ता कार्यक्रमलाई निरन्तरता दिई, बजार अनुगमन र अनुसन्धानमा विशेष जोड दिँदै, आर्थिक ऐन २०७१ बमोजिमका छुट सुविधालाई पौष मसान्तसम्म सहजीकरण गर्ने तत्पश्चात अनुसन्धान तथा कर निर्धारण प्रक्रियालाई सशक्त बनाइनेलगायतका प्रतिवद्धता व्यक्त गरिएको थियो ।

## आन्तरिक राजस्व कार्यालय, पोखरा

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ आन्तरिक राजस्व कार्यालय पोखराले विविध कार्यक्रम गरी मनाएको छ । मंसिर १ गते पोखरा उद्योग वाणिज्य संघ गैह्रापाटन पोखरावाट प्रभात फेरी कार्यक्रम सञ्चालन गरिएको थियो । कर सप्ताहकै बीचमा नेपाल पत्रकार महासंघ कास्की शाखाका पत्रकारहरूसँग कर शिक्षा तथा अन्तर्क्रिया सञ्चालन गर्नुका साथै Treaking Agencies Association of Nepal तथा Travel Agencies of Nepal सँग सम्वन्धित व्यवसायीहरूका लागि करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । त्यसैगरी विभिन्न व्यवसायीहरूलाई करदाता शिक्षा दिनुका साथै स्थायी लेखा नम्वर समेत वितरण गरियो । अन्तर्क्रिया कार्यक्रममा करदाताहरूबाट कर सम्बन्धी सूचनाहरूको व्यापक प्रचार प्रसार, कर सम्बन्धी प्रकृया सरलीकरण र करदाता सम्मान कार्यक्रमलाई व्यापक वनाईनुपर्ने, वजार अनुगमनमा निजी क्षेत्रको भूमिका स्पष्ट गर्नुपर्ने र थप करदाता सेवा कार्यालय स्थापना गर्नुपर्ने माग राखिएको थियो भने कार्यालयको तर्फबाट कार्यालयको कार्यक्षेत्रभित्र पर्ने सम्पूर्ण स्थानहरूमा समय तालिका तयार गरी व्यवसायीहरूले माग गरे अनुसारका कियाकलाप सञ्चालन गर्ने कुरामा प्रतिवद्धता व्यक्त गरिएको थियो । कर सप्ताहको समापनका अवसरमा प्रमुख जिल्ला अधिकारीको प्रमुख अतिथ्यमा समापन समारोह गरी कार्यालय अन्तरगतका उत्कृष्ट करदाताहरू तथा उत्कृष्ट कर्मचारीलाई सम्मान गरिएको थियो ।

## आन्तरिक राजस्व कार्यालय, लहान

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ कार्यालयले विविध कार्यक्रम सम्पन्न गरी मनाएको छ । मंसिर १ गते प्रभात फेरी कार्यक्रममा कार्यालयका कर्मचारी र व्यवसायीहरूको सहभागितामा नगर परिक्रमा गरी कोणसभामा परिवर्तन भएको थियो । कर सप्ताहको अवसरमा पहिलो स्थायी लेखा नं. लिने करदातालाई सम्मान गरिएको थियो । मंसिर ३ गते कर्मचारी र करदाताबीच मैत्रीपूर्ण फूटवल प्रतियोगिता सम्पन्न गर्नुका साथै राजविराज, कञ्चनपुर, फत्तेपुर, सिरहालगायतका स्थानमा कर शिविर तथा करदाता शिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

## आन्तरिक राजस्व कार्यालय, धनगढी

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ को उपलक्ष्यमा विविध कार्यक्रमका साथ सम्पन्न भएको छ । मंसिर १ गते कर्मचारी, करदाता तथा अन्य सरोकारवालालको साथै थारु सास्कृतिक समूह सहितको सहभागिता गराई प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको छ । अन्तर्क्रियापछि सार्वजनिक स्थल तथा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरूमा कर सम्बन्धी नारा भएको होडिङ वोर्डसहित अन्तर्क्रिया र करदाताशिक्षा कार्यक्रम सम्पन्न गरिएको छ । यसै क्रममा जिल्लास्थित सरकारी कार्यालय प्रमुख तथा लेखा प्रमुखसँग कर सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनुका साथै वाजुरा जिल्लास्थित सरकारी/गैर सरकारी कार्यालयका लेखापाल, कम्प्यूटर अपरेटरहरूसँग **TDS** र **eTDS** का विषयमा छलफल भएको छ । कर सप्ताहकै अवसरमा अछाममा आर्थिक ऐनका विभिन्न सुविधाहरूको वारेमा जानकारी गराउनुका साथै उद्योग वाणिज्य संघ कैलाली र अन्य वस्तुगत संघ तथा पेशा व्यवसायी संघसँग अन्तरक्रिया कार्यक्रम संचालन गरिएको छ । कर सप्ताहकै अवसरमा स्कुल, क्याम्पसका विद्यार्थीहरू बीच कर सम्बन्धी कविता प्रतियोगिता संचालन भएको छ । कर सप्ताहमा भएका कार्यक्रममा व्यवसायीका तर्फबाट ढुवानी सेवाहरू मू.अ.करमा दर्ता हुनु पर्ने व्यवस्थाले खरिदमा

क्रेडिट दावी गर्न कठिनाई भएको, भन्सारदेखि नै न्यून विजकीकरणले गर्दा सबै ठाउँमा न्यून विजकीकरण गर्नु पर्ने समस्या रहेको, घर बहालमा घर धनी र भाडा लिने व्यक्ति बढि जिम्मेवार हुने विषय र भाडा कम देखाउने विषय, आय विवरण तथा मू.अ.कर विवरण **Verify** भई सकेपछि गल्ती भएमा सच्चाउने व्यवस्था हुनु पर्ने लगायतका विषय उठान गरिएको थियो। कार्यालयबाट स्थानीय स्तरमा समाधान हुने विषयवस्तुहरू कार्यालयबाटै समाधान गर्ने र नीतिगत प्रकृतिका विषयवस्तुहरू विभागसँग अनुरोध गर्ने प्रतिवद्धता व्यक्त गरिएको थियो।

## आन्तरिक राजस्व कार्यालय, वीरगञ्ज

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ आन्तरिक राजस्व कार्यालय वीरगञ्जले विविध कार्यक्रम सम्पन्न गरी मनाइएको छ। मंसिर १ गते सम्पूर्ण कर्मचारी, उद्योग वाणिज्य संघका प्रतिनिधिहरू, लेखापरीक्षकहरू, कर सहयोगीहरू तथा स्थानीय करदाता, व्यापारी तथा उद्योगीहरू समेतको व्यापक सहभागितामा प्रभातफेरी कार्यक्रम सम्पन्न भएको छ। कर सप्ताहकै अवसरमा वीरगंज क्षेत्रका प्रमुख वजारहरूमा करसम्वन्धी व्यापक प्रचार प्रसार, सेवा सुविधा लगायतका पर्चा वितरण, पम्प्लेटिङ जस्ता कार्यहरू सम्पन्न भएका छन्। प्रमुख कर अधिकृतको संलग्नतामा उद्योग वाणिज्य संघ वीरगंजका पदाधिकारीहरू तथा उद्योगीहरूसँग कर सम्वन्धी विषयमा वृहत अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न गरिएको छ। त्यसैगरी पर्सा जिल्लास्थित पोखरिया वजारमा सो क्षेत्रका व्यापारी, व्यवसायी तथा अन्य संघ संस्थाका प्रतिनिधिहरू समेतको संलग्नातामा कर सम्वन्धी अर्न्तक्रिया गर्दै कर शिविर समेत संचालन गरिएको थियो। प्रमुख जिल्ला अधिकारीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा ई-डेक्सको उद्घाटन सहित सम्मानित/पुरस्कृत हुने करदाता तथा कर्मचारीहरूको नामावली घोषणा गरिएको थियो। कार्यक्रममा सहभागी भएका विभिन्न करदाताहरूले घरबहाल करको दर न्यून विजकीकरण, पुरानो वक्यौता असुली, मिसम्याच, मूअकर र आयकरको दर लगायतका विषयमा रहेका कमी कमजोरी र आफ्नो अपेक्षा सम्वन्धमा विचार व्यक्त गरेका थिए। कार्यालयको तर्फबाट सदरमुकाम भन्दा वाहिर व्यापारिक क्षेत्रमा हरेक वर्ष दर्ता नविकरण र विवरण वुझ्न घुम्ती शिविर माग भएकोमा सो सञ्चालन गर्ने प्रतिवद्धता समेत जनाईएको थियो। साथै करदाता शिक्षाको माग व्यापक रूपमा भएकोले नियमित रूपमा वस्तुगत संघको आवश्यकता अनुसार गर्ने प्रतिवद्धता जनाईएको थियो। **e-tds** गर्नको लागि सहयोग चाहिएमा जुन सुकै अवस्थामा पनि कार्यलयले सहयोग गर्ने र सिकाउने व्यहोरा पनि उल्लेख गरिएको थियो।

## आन्तरिक राजस्व कार्यालय, भद्रपुर

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ यस कार्यालयबाट विविध कार्यक्रम सम्पन्न भएका छन्। मंसिर १ गते दमकमा उद्घाटन भई साताव्यापी रूपमा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम गरी सम्पन्न भएको छ। कार्यक्रममा करदाताहरूको तर्फबाट करको दर होइन दायरामा जोड दिँदै मिसम्याचमा परेका करदाताले कर वुझाउनु पर्ने अवधि २०७१ आषाढसम्म हुनुपर्ने, भन्सारबाट नै कम मूल्यमा सामान आउने भएकोले विलपनि कम मूल्यमा नै काट्न पाउनु पर्ने, थ्रेसहोल्ड वृद्धि गर्नुपर्ने, सुपारी आयात निर्यात निर्वाधरूपमा गर्न पाउनु पर्ने लगायतका माग राखेका थिए।

## आन्तरिक राजस्व कार्यालय, जनकपुर

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ आन्तरिक राजस्व कार्यालय जनकपुरले विविध कार्यक्रम गरी सम्पन्न गरेको छ। मंसिर १ गते प्रभातफेरी कार्यक्रमसहित अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। सोही दिन प्यान (**PAN**) दर्ताको प्रमाण प्राप्त गर्ने पहिलो करदातालाई सम्मान गरिएको थियो। कार्यक्रममा करदाताहरूको तर्फबाट कार्यक्षेत्र ठूलो भएकोले थोरै कर तिर्न बढी खर्चमा कार्यालयसम्म पुग्नुपर्ने अवस्था रहेको, कर कानूनको कम जानकारी भएको, नियमित करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने, उद्योग दर्ता हुँदा अनिवार्य रूपमा रु. ५ लाख पूँजी देखाउनु पर्ने अवस्थाले गर्दा साना उद्योगीहरू मर्कामा परेका, **VAT** को थ्रेसहोल्ड बढाउनुपर्ने, सेवा प्रवाहमा ढिलासुस्ती भएको, खुला सिमानाको कारण चोरी पैठारीले गर्दा ईमान्दार करदाता मर्कामा पर्ने गरेको, विवरण संशोधन गर्दा विभागसम्म धाउनुपर्ने लगायतका समस्या राखिएको थियो भने कार्यालयको तर्फबाट प्रतिवद्धता व्यक्त गर्दै करदाता शिक्षालाई बढी जोड दिइने, **VAT** को थ्रेसहोल्ड बढाउने कुराको सम्बन्धमा विभागमा सुझाव पठाईने, रोक्का जग्गा फुकुवाको आवश्यक निर्देशनको लागी विभागमा पहल भैरहेको तथा नियमित रूपमा कर शिविर संचालन गरिने, कार्यालय हाता भित्रै बैंक काउन्टर राख्ने प्रवन्ध मिलाईने, बजार अनुगमन कार्यलाई तिव्रताका साथ अगाडि बढाईने, कानुनको दायरामा आउन अटेर गर्ने करदातालाई कानुन बमोजिम कारवाही गर्ने प्रतिवद्धता व्यक्त गरिएको थियो। यसैक्रममा करदाता र कार्यालयका कर्मचारी बिच डरको भावना नभई सहयात्रीको सम्बन्ध विकास हुनु पर्ने कुरामा समेत जोड दिइएको थियो।

## आन्तरिक राजस्व कार्यालय, भैरहवा

'करदाता मैत्री कर प्रशासन, समृद्धि र सुशासन, हाम्रो अभियान' भन्ने मूल नाराका साथ तेश्रो राष्ट्रिय कर दिवस २०७१ तथा कर सप्ताह बिभिन्न कार्यक्रमका साथ समपन्न भएको छ। मंसिर १ गते कार्यालय परिसरवाट प्रभात फेरी कार्यक्रम आयोजना गरिएको थियो। कर सप्ताहको पहिलो दिन प्रथम तीन सेवाग्राही र पहिलो स्थायी लेखा नं. लिने एक जना गरी चार जनालाई सम्मान गरिएको थियो। कर सप्ताहकै अवसरमा विद्यार्थीहरूलाई कर सम्वन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनुका साथै रक्त संचार केन्द्र, भैरहवाको सहकार्यमा रक्तदान कार्यक्रम समेत सम्पन्न भएको थियो। यसैबीचमा तिलोत्तमा उद्योग वाणिज्य संघको सहकार्यमा कर शिक्षा सम्बन्धी अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न गरिएको थियो। कर डरले होइन रहरले तिरौं भन्दै तिलोत्तमा उद्योग वाणिज्य संघले शुरु गरेको कार्यक्रममा प्रमुख कर अधिकृत जनकराज शर्माले करदाताहरूवाट उठेका जिज्ञाशाहरूको जवाफ दिँदै सवैलाई करको दायरामाआई आफ्नो व्यापार व्यवसाय संचालन गर्न अनुरोध गर्नु भएको थियो।

## आन्तरिक राजस्व कार्यालय, विराटनगर

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ आन्तरिक राजस्व कार्यालय विराटनगरले विविध कार्यक्रम सम्पन्न गरी मनाएको छ। मंसिर १ गते कार्यालयबाट माननीय सभासद पवनकुमार सारडा तथा प्रमुख जिल्ला अधिकारी गणेशराज कार्की सहित उद्योगपति, व्यापारी, कर्मचारी, पत्रकारसम्मिलित भई प्रभातफेरी कार्यक्रम सम्पन्न गरिएको थियो। त्यसैगरी आर्थिक ऐनमा व्यवस्था भएका स्किम लगायत विषयमा प्रमुख कर अधिकृतको उपस्थितिमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन भएको थियो भने कार्यालय परिसरमा खुल्ला रक्तदान कार्यक्रम समेत सञ्चालन गरिएको थियो। सो कार्यक्रममा कर्मचारी, व्यापारीलगायतले रक्तदान गर्नु भएको थियो। त्यसैगरी कलेजका विद्यार्थीहरूबीच करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो। कर सप्ताहकै अवसर पारेर जागृति महिला तथा वृद्धाश्रममा वृद्धवृद्धालाई फलफूल वितरण गरिएको थियो।

## आन्तरिक राजस्व कार्यालय, दाङ

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ आन्तरिक राजस्व कार्यालय दाङले विविध कार्यक्रम गरी मनाएको छ। मंसिर १ गते प्रभातफेरी कार्यक्रम आयोजना गरिएको थियो। कर सप्ताहकै अवसर पारेर रुकुम, सल्यान, रोल्पा, प्यूठान र दाङ जिल्लाको देउखुरी उपत्यकाका व्यवसायीहरूसँग कर शिविर/करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो। कर सप्ताह समापनको अवसरमा दाङ जिल्ला स्तरीय स्नातक वा सो भन्दा माथि अध्ययन गर्ने व्यवस्थापन संकायका विद्यार्थीहरूबीच कर सम्बन्धी कविता प्रतियोगिता आयोजना गरी उत्कृष्ट कविताहरूलाई नगद पुरस्कार र प्रमाणपत्र वितरण गरिएको थियो। कर सप्ताहमा सक्रिय सहभागिता जनाउने संघ संस्था तथा व्यक्ति गरी कूल २२ जनालाई प्रशंसापत्र वितरण गरिएको थियो। पुनरावेदन अदालतका माननीय न्यायाधीश रत्नबहादुर वागचन्दको प्रमुख आतिथ्यमा ५ वटै जिल्लामा उद्योग वाणिज्य संघका अध्यक्ष तथा प्रतिनिधिहरूको सहभागितामा भएको करिव २५० जनाको उपस्थितिमा कर सम्बन्धी विचार गोष्ठी समेत आयोजना गरिएको थियो। करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रममा **Mismatch, Under Billing** (न्यूनविजकीकरण) तथा अन्तःशुल्क इजाजत नविकरण जस्ता विषयवस्तुहरू उठाइएको थियो। कार्यालयबाट प्रवाह हुने सेवा एकै स्थानबाट नपाइने, सहायता कक्षको अभावले अन्यौलमा परेको जस्ता गुनासाहरू करदाताबाट उठेका थिए। कार्यालयको तर्फबाट सो समस्या समाधान गर्न एकै स्थानबाट सहज सेवा प्रवाह गर्न करदाता सेवा कक्षको

पुनसंरचना गरिने र अनलाइन सेवा समेत प्रदान गर्न सहायता कक्ष निर्माण गरिने प्रतिवद्धता व्यक्त गरिएको थियो। साथै पहाडी जिल्लाहरूका लागि रुकुम र सल्यान हेर्ने १ रोल्पा र प्यूठान हेर्ने १ करदाता सेवा केन्द्र/कार्यालय खोल्न विभाग समक्ष सिफारिस गर्ने जस्ता विषय पनि उल्लेख गरिएको थियो।

## आन्तरिक राजस्व कार्यालय, सिमरा

तेसो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ आन्तरिक राजस्व कार्यालय सिमरा बाराले विविध कार्यक्रमको आयोजना गरेको छ। मंसिर १ गते प्रभातफेरीसहित सिमरा बजार परिक्रमा गरिएको थियो। उद्योग वाणिज्य संघ, लेखा परीक्षक संघ, विद्यालय, क्याम्पस, सरकारी निकाय तथा सरोकारवाला अन्य निकायहरूको संलग्नता रहेको सो कार्यक्रममा करदाता शिक्षा, डे वान र मिसम्याच तथा स्किम सम्बन्धी सचेतना एवं अन्तर्क्रिया कार्यक्रम गरिएको थियो। सरोकारवालाहरूले उठाएका जिज्ञासामा विभिन्न स्थानहरूमा गरिएको अन्तर्क्रिया कार्यक्रममा मिसम्याचलाई अझ सरलीकरण गर्नुपर्ने विषयमा सबै करदाताको माग भएको र यसमा सम्वद्ध ऐन, नियम र निर्देशिका बमोजिम गर्न सकिने कार्यालयको तर्फबाट प्रतिवद्धता व्यक्त गरिएको थियो।

## आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ आन्तरिक राजस्व कार्यालय नेपालगञ्ज बाँकेले विविध कार्यक्रम गरी मनाएको छ। मंसिर १ गते प्रभातफेरीबाट शुरु भएको समारोहमा करदाता शिक्षा तथा अन्तर्क्रिया जस्ता कार्यक्रम पनि सम्पन्न भएको छ। अन्तर्क्रिया कार्यक्रममा व्यवसायीहरूको तर्फबाट शिक्षा सेवा शुल्क, विवरण भर्ने र खाता राख्ने, मिसम्याच सम्बन्धी जरिवाना, पत्रपत्रिका दर्ता र सेवा प्रवाहका सम्बन्धमा गुनासाहरू राखिएका थिए भने कार्यालयको तर्फबाट बढी भन्दा बढी करदाताहरूलाई मिसम्याचको छुट सुविधामा सहभागी गराउने, नयां घोषित नगरपालिको हकमा शिक्षा सेवा शुल्कको खाता राख्न सिकाउने, अनलाइन विवरण भर्न तालिम दिने एवं लेखा सम्बन्धमा जानकारी दिई सहज रूपमा कर तिर्न तथा बैकल्पिक व्यवस्था मिलाउने प्रतिवद्धता व्यक्त गरिएको थियो। त्यसैगरी आर्थिक ऐन २०७१ का छुटका प्रावधानलाई प्रचार प्रसार गरी दर्तामा ल्याउने र कार्य प्रणालीमा सुधार गरिने प्रतिवद्धता समेत व्यक्त गरिएको थियो।

## आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ को उपलक्ष्यमा नेपाल उद्योग वाणिज्य संघलगायतको सहभागितामा प्रभातफेरी कार्यक्रम सम्पन्न भएको छ। "करदाता मैत्री कर प्रशासन समृद्धि र सुशासन हाम्रो अभियान" विषयक अन्तरक्रिया कार्यक्रम एवं नागरिक वहस कार्यालय परिसरमा सम्पन्न भएको छ। कर सप्ताहको अवसर पारेर कर शिविर तथा व्रोसियर वितरण एवं अन्तर्क्रिया तथा छलफल कार्यक्रमको समेत आयोजना गरियो। कार्यक्रममा करदाताहरूले कर प्रणाली पुनरावलोकन आयोग स्वागत योग्य भएको तर कर फछ्र्यौट आयोग समेत गठन हुनु पर्ने, **Tax payer** लाई **Tax pension** को नीति लागू हुनु पर्ने किनकी **Tax payer** को **old age security** आवश्यक भएको यसले **Tax paying culture** बढाउने, कारोवारमा भएको मूल्यवृद्धि एवं मुद्रा स्फितिसँग **Vat threshold** बढ्नु पर्ने, पछिल्लो समय कर प्रशासनमा भएको परिवर्तन र **Tax payer friendly Administration** स्वागत योग्य भएको, कर दिवसका कार्यक्रममा महिला सहभागिता अपेक्षित रूपमा हुन नसकेको, सुविधा घोषणा भन्दा अगाडी विवरण पेश गरेको तर कर तिर्न असमर्थ करदाताहरूलाई समेत सुविधामा समावेश गर्नुपर्ने, नगरपालिकाको ग्रामिण क्षेत्र तथा नव घोषित नगरपालिकामा **VAT** अनिवार्य नभई कारोवारको आधारमा हुनुपर्ने लगायतका गुनासाहरू उठेका थिए। कार्यलयको तर्फबाट करदाता तथा सेवाग्राहीलाई छिटो, सहज तथा मैत्रीपूर्ण रूपमा सेवा प्रवाह गरिने, नीतिगत सुधारका लागि उठेका बिषयहरू आन्तरिक राजस्व विभागमा लेखि पठाउने प्रतिवद्धता व्यक्त गरियो।

## आन्तरिक राजस्व कार्यालय, हेटौडा

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताहको अवसरमा आन्तरिक राजस्व कार्यालय हेटौडाले विविध कार्यक्रम गरी मनाएको छ। मंसिर १ गतेबाट प्रभातफेरी सहित शुरु भएको कार्यक्रम, करदाता शिक्षा तथा अन्तर्क्रिया हुँदै करदातालाई सम्मान गरेर समापन भएको थियो। सरकारी, गैर सरकारी, निजी क्षेत्रका उद्योगी, व्यापारी एवं सुरक्षाकर्मी, पत्रकार, नागरिक समाज तथा सरोकारवाला व्यक्तिहरूको उपस्थितिमा भएको कार्यक्रममा हरेक वर्ष आर्थिक ऐनले गरेको व्यवस्थाहरू तत्काल करदाता शिक्षा मार्फत जानकारी गराउनु पर्ने, छुट सुविधाले आयकर तथा मू.अ.करलाई मात्र सम्वोधन गरेको तर कर बक्यौता र अन्तःशुल्क नविकरण नगर्ने तथा अन्तःशुल्क ईजाजत नलिने करदातालाई समेत सम्वोधन हुनु पर्ने, अनिवार्य मू.अ.कर दर्ता हुनु पर्ने नयां नगरपालिका क्षेत्रमा कारोवार गर्ने व्यक्तिको कारोवारको आधारमा मात्र मू.अ.कर दर्ता हुनु पर्ने, मू.अ.करको थ्रेसहोल्ड कम्तीमा पचास लाख पुऱ्याउनु पर्ने, नगरपालिका क्षेत्रमा संचालित वचत तथा ऋण सहकारी संस्थाहरूलाई आयकरको दर वढी भएको हुंदा पुनरावलोकन हुनु पर्ने लगायतका विषयहरू उठान भएका थिए। कर प्रशासनको तर्फबाट गरिएका प्रतिवद्धताहरूमा यस्ता कार्यक्रम कार्यालयवाट भईरहेको र निरन्तरता दिइने जानकारी गराईयो साथै सम्वन्धित निकायमा सुझावको लागि लेखि पठाउने व्यवस्था गरिने तथा कुनै पनि काम कारवाही ऐन, नियम अनुसार हुने जानकारी गराउनुको साथै सुझावको लागि सम्वन्धित निकायमा लेखि पठाउने जनाइएको थियो।

## करदाता सेवा कार्यालय, कलंकी

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताहको अवसरमा करदाता सेवा कार्यालय कलंकीको आयोजनामा धादिङ र सतुंगलमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। आर्थिक ऐन २०७१ ले गरेको व्यवस्था साथै कर सम्बन्धी अन्य विषयका पर्चा, पम्पलेट बनाई बजार तथा राजमार्ग क्षेत्रमा बितरण गरिनुका साथै आयोजित अन्तर्क्रिया कार्यक्रममा व्यवसायीहरूको तर्फबाट मू.अ. करको थ्रेस होल्ड २० लाखलाई बढाएर १ करोड बनाउनु पर्ने, तोकिएको क्षेत्र भन्दा बाहिर पनि फर्निचर बनाउनेहरूलाई अनिवार्य मू.अ. कर दर्ता नगरिएकोले न.पा.भित्र मू.अ. कर दर्ता गरी कारोबार गर्न कठिनाई भएको, वाईन शप अर्न्तगत सबै मदिरा पसल मू.अ. कर दर्ता गर्ने कार्य अव्यबाहारिक रहेको र वाईन शपको परिभाषा भित्र अरु मदिरा पसल नपर्ने जिकिर गरेको, व्यक्तिले कपडा डुलाउदै (पैदल, साईकलमा) बिक्री गर्नेलाई पनि करको दायरामा ल्याउनु पर्ने, चूरोट र मदिराको पसलमा अन्य हल्का पेय पदार्थ पनि बिक्रि गर्न पाउनु पर्ने, मिस म्याच तर्फ आफूले खरिदनै नगरी बिक्रेताले आफ्नो नाममा बिल काटेकोले समस्या आएको, घर बहाल कर न.पा. र कर कार्यालय दुबै तर्फ बुझाउदा दोहोरो पर्न गएकोले एकै तर्फ बुझाउने ब्यबस्था गरिनु पर्ने, सानो कारोबार गर्नेलाई पनि अनिवार्य मू.अ. कर दर्ता गर्नु पर्ने ब्यबस्था अब्यवहारिक रहेकोलगायतका गुनासाहरू राखेका थिए।

## करदाता सेवा कार्यालय, टंगाल

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ को उपलक्ष्यमा करदाता सेवा कार्यालय टंगालले विविध कार्यक्रमको आयोजना गरेको छ। जसमा मंसिर ३, ४ र ५ गते कार्यालय परिसरमा कर शिविर सञ्चालन गरिएको छ। मंसिर ८ गते करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा करदाताहरूको तर्फबाट **VAT** को थ्रेसहोल्ड बढाउनुपर्ने, उत्पादक कम्पनी, व्यवसाय तथा वितरकहरूले मालसामान विक्री गर्दा क्रेताको स्थायी लेखा नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था कायम गर्नुपर्ने, करको दायरामा नभएका व्यवसायीहरूलाई करको दायरामा ल्याइनु पर्ने जस्ता विषयहरू उठान गरिएको थियो भने कर प्रशासनको तर्फबाट करदाताको गुनासोहरूको सुनुवाई गरिने, करदाता मैत्री सेवा प्रदान गरिने प्रतिवद्धता व्यक्त गरिएको थियो। कर सप्ताहकै क्रममा विभिन्न करदाता तथा कर्मचारीहरूलाई सम्मान समेत गरिएको थियो।

## करदाता सेवा कार्यालय, कालिमाटी

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताहको उपलक्ष्यमा करदाता सेवा कार्यालय कालिमाटीले आर्थिक ऐन २०७१ ले दिएको छुट तथा सुविधा सम्बन्धी करदाता शिक्षा कार्यक्रम र घुम्ती सेवा तथा माइकिङलगायतका कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा व्यवसायीहरूबाट धेरै प्रयास र मेहनत गर्दा समेत वर्षौ वर्षदेखि प्यानमा दर्ता नगरी बसेका करिब ३०० कालिमाटी फलफूल तथा तरकारी व्यवसायीलाई दर्ता गराउन राजी गराइएको, घरबहाल कर भुक्तान सम्बन्धको विवादमा कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिले नै भुक्तानी गर्ने गरी मिलाइएको जस्ता विषयवस्तु उठान गरिएको थियो भने कार्यालयको तर्फबाट विकास

समिति तथा अन्य संस्थासँग समन्वय गरी कर शिविर संचालन गर्ने तथा दर्ता प्रक्रियामा सहजीकरण गर्ने प्रतिवद्धता व्यक्त गरिएको थियो ।

## करदाता सेवा कार्यालय, ठमेल

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ मा करदाता सेवा कार्यालय ठमेलको आयोजनामा विविध कार्यक्रम सम्पन्न भएको छ। मंसिर १ गते आन्तरिक राजस्व विभागमा आयोजित मूल समारोहमा कार्यालयका सम्पूर्ण कर्मचारी प्लेकार्ड र व्यानर सहित सहभागिता जनाएको थियो । कर सप्ताहका क्रममा कार्यालयमा पहिलो स्थायी लेखा नम्बर लिने करदातोलाई सम्मानित गरिएको थियो। कार्यालयको कार्य क्षेत्रभित्र कर सम्बन्धी जानकारीमूलक पर्चा वितरण, व्यानर सहित माइकिङ एवं प्रचार प्रसार र अन्तर्क्रिया गरी करदातालाई कर सम्बन्धी जागरण ल्याइएको थियो। अन्तर्क्रिया कार्यक्रममा करदाताको तर्फबाट करदाता शिक्षालाई निरन्तरता दिनुपर्ने, कर शिविरहरू सञ्चालन गरेर व्यवसायीलाई करको दायरामा आउन सहज बनाइदिनु पर्ने लगायतका माग राखेका थिए भने कार्यालयको तर्फबाट उठेका समस्याका समाधान यथाशीघ्र गरिने प्रतिवद्धता व्यक्त गरिएको थियो।

## करदाता सेवा कार्यालय, बालाजु

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ करदाता सेवा कार्यालय बालाजुले करदाता शिक्षा तथा सचेतना कार्यक्रम आयोजना गरी सम्पन्न गरेको छ। नेपाल खुद्रा ब्यापार संघ, बालाजु होटल व्यवसायी संघ, सुनचांदी व्यवसायी संघ, नेपाली होटल व्यवसायी संघलगायतका वस्तुगत व्यवसायी संघहरूको उपस्थिति रहेको कार्यक्रममा व्यवसायीहरूले घरवहालकर घर धनीले तिर्नुपर्ने, करदाता शिक्षा कार्यक्रम नियमित हुनुपर्ने, भारतीय नागरिकलाई PAN वितरण गर्ने, न्यून विजकीकरणको समस्या, **PAN** लिंदा आवश्यक कागजात र व्यवसाय स्थलमा राख्नुपर्ने तथा अन्तःशुल्क र मु.अ.कर लगायतका समस्याहरूका वारेमा बोलेका थिए । कार्यालयको तर्फबाट ब्यापार संघको आवश्यकता र निमन्त्रणामा जुनसुकै वेला करदाता शिक्षा कार्यक्रम संचालन गर्ने प्रतिवद्धता व्यक्त गरिनुका साथै PAN वितरणमा सहजीकरण गर्ने प्रतिवद्धता समेत व्यक्त गरिएको थियो। निजी क्षेत्रसँगको समन्वयमा निरन्तर अन्तरक्रिया गरी करदाताका समस्या समाधान गर्ने प्रतिवद्धता व्यक्त गर्दै करदाताहरूलाई सम्मान समेत गरिएको थियो ।

## करदाता सेवा कार्यालय, चावहिल

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ करदाता सेवा कार्यालय चावहिलले विभिन्न कार्यक्रम गरी मनाएको छ। कर सप्ताहको अवसरमा कर शिविर सञ्चालन गरिनुका साथै करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ। आर्थिक विधेयक २०७१ ले करदातालाई प्रदान गरेका छुट सुविधाको वारेमा कार्यालयले प्रचार प्रसार गरेको छ। करदाताहरूले आफूहरू शिक्षित नभएकाले अनलाइन विवरण भर्न समस्या भएको, स्थलगत रूपमा करदाता शिक्षाको जानकारी गराउनुपर्ने, कर कानुन सम्बन्धी विभिन्न विषयहरूमा करदातालाई जानकारी गराउनुपर्ने लगायतका विषयहरू उठान गरेका थिए। यसै कार्यक्रमको अवसर पारेर उत्कृष्ट करदाताहरूलाई सम्मान पनि गरिएको थियो।

## करदाता सेवा कार्यालय, बत्तीसपुतली

तेस्रो राष्ट्रिय कर दिवस २०७१ एवं कर सप्ताहको अवसरमा करदाता सेवा कार्यालय बत्तीसपुतलीबाट विविध कार्यक्रमहरू भएका छन्। मंसिर १ गते आन्तरिक राजस्व विभागबाट शुरु भएको प्रभात फेरीमा सवै कर्मचारीहरूले सहभागिता जनाएका थिए। कर सप्ताहकै अवसरमा कर शिविर तथा करदाता शिक्षा र अन्तर्क्रिया कार्यक्रम पनि सम्पन्न भएका छन्। यसै अवसर पारेर मंसिर ५ र ७ गते विभिन्न ठाउँमा प्रचार, प्रसार, पम्प्लेटिङ तथा माइकिङ गर्नुका साथै कार्यालय अन्तर्गतका उत्कृष्ट करदाताहरूलाई सम्मान समेत गरिएको छ।

## करदाता सेवा कार्यालय, त्रिपुरेश्वर

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ करदाता सेवा कार्यालय, त्रिपुरेश्वरले विविध कार्यक्रम सम्पन्न गरी मनाएको छ। मंसिर १ गते विभागको आयोजनामा सञ्चालन भएको र्‍यालीमा प्लेकार्ड सहित सहभागिता जनाइएको थियो। कर सप्ताहकै अवसरमा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको र आर्थिक ऐन २०७१ ले प्रदान गरेका छुट तथा सुविधा र कर सम्बन्धी आधारभूत जानकारीमूलक ब्रोसर वितरण गरिएको थियो। कोष तथा लेखा नियन्त्रण कार्यालयसँगको समन्वयमा कार्यालयको कार्यक्षेत्रभित्र रहेका सरकारी कार्यालयका लेखा शाखासँग सम्बन्धित कर्मचारीहरूबाट eTDS सम्बन्धी सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यास गरी शिक्षा प्रदान गरिएको थियो। त्यसैगरी नेपाली सेनाका लेखा शाखासँग सम्बन्धित कर्मचारीहरूलाई भुक्तानीमा करकट्टी सम्बन्धी कर शिक्षा तथा अन्तर्क्रिया कार्यक्रमलगायतका विविध कार्यक्रम सम्पन्न गरिएको थियो।

## करदाता सेवा कार्यालय, पुतलीसडक

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ मा करदाता सेवा कार्यालय पुतलीसडकको आयोजनामा विविध कार्यक्रम सम्पन्न भएको छ। पहिलो पान नं. लिने व्यवसायीलाई कार्यालयको तर्फबाटसम्मान गरिएको थियो। कार्यालय परिसरमा कम्प्युटर व्यवसायीहरूसँग करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम गरिएको छ। कर सप्ताहकै अवसर पारेर नेपाल बार एशोसियसन, आन्तरिक राजस्व विभाग तथा करदाता सेवा कार्यालय पुतली सडकको संयुक्त आयोजनामा कानुन व्यवसायीहरूसँग करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। त्यसैगरी दर्तावाल लेखापरीक्षककहरूसँग करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो भने कार्यालयका कर्मचारीहरूवाट बजार अनुगमन तथा कर सम्वन्धी पर्चा पम्पलेट समेत वितरण गरिएको थियो। अन्तर्क्रिया कार्यक्रममा करदाताहरूले डे १ आयविवरणमा अनुसुचि १३ भर्ने ठाउँ नहुँदा **MISMATCH** मा पर्ने र देखिने गरेकोले सो मा समेत अनुसुची १३ इन्ट्री गर्न सक्ने व्यवस्था हुनुपर्ने, अनुमानित आयविवरण कस्ता व्यवसायीले बुझाउनुपर्ने र कस्ता व्यवसायीले बुझाउन नपर्ने भन्ने विषयमा सवै कार्यालयमा एकरूपता नभएकोले समस्या परेको भनी गुनासो व्यक्त गरेका थिए। त्यसैगरी मु.अ.करमा जस्तो आयकरमा **ATR** श्रृजना नहुने हुँदा Self Verification को अधिकार करदातालाई दिंदा राजस्व असुलीमा नकारात्मक असर पर्न सक्ने जस्ता विषयबस्तुहरू समेत उठान गरिएको थियो। विल विजक लिने दिने साथै सामानसँगै विल विजक भए र नभएको सम्वन्धमा **Check** गर्नको लागि **TAX POLICE** को रूपमा छुट्टै **Force** को व्यवस्था गर्नुपर्ने जस्ता विषयवस्तुहरू उठेका थिए।

## करदाता सेवा कार्यालय, नयाँ सडक

तेस्रो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७१ को अवसरमा करदाता सेवा कार्यालय नयां सडकले विविध कार्यक्रम आयोजना गरी सम्पन्न गरेको छ। मंसिर ५ गते कार्यालय र आर. बी. कम्प्लेक्स व्यापार संघको संयुक्त आयोजनामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा करदाताहरूले विल लिने दिने सम्वन्धमा भन्सार विन्दुदेखि नै समस्या रहेकोले खुद्रा व्यापारीहरूलाई वील जारी गर्न समस्या रहेको, करदातालाई उनीहरूले राजस्वमा गरेको योगदानको आधारमा वर्गीकरण गरी उचित सम्मान र सुविधा दिएमा कर तिर्न उत्प्रेरित हुने र राजस्व असुलीमा सकारात्मक असर पर्ने जिकिर समेत गरेका थिए। त्यसैगरी आर्थिक ऐन २०७१ ले गरेका व्यवस्थाहरूको, कारोवार MISMATCH, VAT को सट्टा TURNOVER TAX लगाएमा अहिलेको भन्दा वढी राजस्व संकलन हुन सक्ने सुझाव करदाताहरूको तर्फवाट प्राप्त भएको थियो। कर प्रशासनको तर्फबाट गरिएका प्रतिवद्धताहरूमा वस्तु तथा सेवाको कारोवार मूल्य अनुसार विल विजक जारी गर्नुपर्ने, नगरेमा कानून वमोजिम कारवाही गरिने नीतिगत विषयमा करदाताहरूलाई सचेत गराइएको, योगदानको आधारमा वर्गीकरण गरी सुविधा दिने सम्वन्धमा CIP (Commercially Important Person) सम्वन्धी व्यवस्था रहेको जानकारी गराउनुका साथै आर्थिक ऐन २०७१ ले प्रदान गरेका छुट तथा सुविधाहरूको वारेमा समेत जानकारी गराइएको थियो। त्यसैगरी Mismatch सम्वन्धमा २०७१ पौष मसान्त सम्ममा सुविधा लिन सकिने र आर्थिक ऐनको अधिनमा रही सुविधा दिने सम्वन्धमा प्रतिवद्धता व्यक्त गरिएको थियो। नीतिगत विषयका समस्याहरूको सम्वन्धमा विभागमा जानकारी गराउने व्यहोरा समेत उल्लेख गरिएको थियो। यसै अवसर पारेर कार्यालय अन्तर्गतका कर्मचारीर करदातालाई सम्मान गरिएको थियो।

१ पेजको बाँकी...

असुली भएको छ । यसरी शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा १००.७ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा १०८ प्रतिशत संकलन भएको छ । सो समीक्षामा उल्लेख गरिए अनुसार गत वर्षको तुलनामा आयकर तर्फको वृद्धिदर १२८ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फको वृद्धिदर ११५ प्रतिशत, अन्तशुल्कतर्फ वृद्धिदर ११५ प्रतिशत, स्वास्थ्य सेवा कर तर्फको वृद्धिदर १२६ प्रतिशत र शिक्षा सेवा शुल्क तर्फको वृद्धिदर १०७ प्रतिशत रहेको जनाइएको छ ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले राजस्व असुली सम्बन्धी नियमित कार्य गर्न, बक्यौता असुलीमा जोड दिन, **Current Year Audit, TDS Audit** तर्फ विशेष ध्यान दिन, विभागको वेभसाइट पुनर्निर्माण गरी स्तरोन्नति गर्न, मूल्यअभिवृद्धि कर निर्देशिकालाई संशोधन एवं परिमार्जन सहित जारी गर्न कर प्रशासनका कर्मचारीहरूलाई निर्देशन दिनु भएको छ । २० अर्ब भन्दा बढी वास्तविक असुल गर्नुपर्ने बक्यौता रहेकाले त्यस्तो रकम उठाउने तर्फ लाग्न र बजारमा गएर बील बिजकको निरीक्षण गर्न महानिर्देशक श्री शर्माले निर्देशन दिनुभएको छ । सो कार्यक्रममा महानिर्देशक श्री शर्माले रु १ लाखभन्दा बढी बक्यौता राख्ने करदाताहरूको अभिलेख अद्यावधिक गरी असुल गर्ने, कानुनी कारवाही गरी आयकर तथा मूल्य अभिवृद्धि कर असुल गर्ने, बक्यौता अभिलेख अद्यावधिक गर्ने र लगत कट्टा गरी बक्यौता रकम घटाउने, कर परीक्षण गर्न छनोट गरिएका करदाताहरूको अविलम्ब कर परीक्षण सम्पन्न गर्ने, अनुसन्धानको लागि छनौट भएका करदाताहरूको कारवाही अविलम्ब सम्पन्न गर्ने, कर परीक्षण, मिसम्याच भई अनुसन्धानात्मक कर परीक्षणको लागि छनौट भएका करदाताहरूको कारवाही अविलम्ब गर्ने लगायतको निर्देशन उपस्थित कर प्रशासकहरूलाई दिनुभयो ।

सोही कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले विभागका उपसचिव (लेखा) श्री डोलराज पाण्डे सेवा निवृत्त हुनु भएकोमा सेवा निवृत्त भए पश्चात् सुखमय जीवनका लागि कामना गर्नुहुदै उहाँलाई दोसल्ला ओढाएर आगामी दिन अझै सफल रहोस् भन्नुभयो । काठमाडौं उपत्यका भित्रका ठूला करदाता कार्यालय लगायत आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूका प्रमुख कर प्रशासक तथा प्रमुख कर अधिकृतहरूको उपस्थिति रहेको कार्यक्रममा आ-आफ्ना कार्यालयहरूको राजस्व असुली तथा काम कारवाहीमा आइपरेका समस्याहरूका वारेमा जानकारी गराइएको थियो ।


नेपाल सरकार

अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभागको

### आर्थिक ऐन, २०७१ मा व्यवस्था गरिएका मिन्हा तथा सुविधाहरू सम्बन्धी अत्यन्त जरुरी सूचना

**आर्थिक ऐन, २०७१ मा हालसम्म करको दायरामा नआएका जुनसुकै व्यक्ति वा निकाय, आयकर तथा मूल्य अभिवृद्धि कर विवरण नबुझाएका करदाता (नन् फाइलर), आ.व.२०६९/०७० सम्मको लागि पूर्वानुमानित कर विवरण पेश गरी कारोबार फरक (मिसम्याच) पारेका करदाताहरू लगायत विभिन्न क्षेत्रका करदाताहरूको लागि २०७१ पौष मसान्तसम्ममा तोकिएको विवरण बुझाई लाग्ने कर दाखिला गरेमा विभिन्न मिन्हा तथा सुविधाहरूको व्यवस्था गरिएको हुँदा सरोकारवालाहरू सबैले समयमै आन्तरिक राजस्व विभाग मातहतका सम्बन्धित कार्यालयमा सम्पर्क राखी आय विवरण तथा मूल्य अभिवृद्धि कर विवरण र कर दाखिला गर्नुका साथै स्थायी लेखा नम्बर (PAN) लिई मिन्हा तथा सुविधाहरू उपयोग गर्नुहुन अनुरोध छ । अन्यथा प्रचलित कानून बमोजिम कडा कारबाही गरिने व्यहोरा जानकारी गराइन्छ ।**

## उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगको सूचना !

**नेपाल सरकारको मिति २०७१/७/२६ को निर्णय अनुसार मुलुकको समग्र कर प्रणालीका वारेमा पुनरावलोकन गरी सुझाव पेश गर्न एक उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन भई कार्य प्रारम्भ भै सकेको छ । नेपालको विद्यमान कर प्रणालीको नीतिगत, कानुनी र संरचनागत पक्षका सम्बन्धमा सुधार गर्नुपर्ने कुनै सुझाव भए २०७१ साल पौष १५ भित्र यस आयोगमा प्राप्त हुने गरी निम्न ठेगानामा उपलब्ध गराइदिनु हुन सरोकारवालाहरू सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**सुझाव पठाउने ठेगाना**
**उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगको सचिवालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं ।**
फोन नं. ०१-४४१५८०२, ४४१५८०३
एक्सटेन्सन : २१७
इ-मेल : trsc@ird.gov.np

**नीति विश्लेषण शाखा, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं ।**
फोन नं. ०१-४४१५८०२, ४४१५८०३
एक्सटेन्सन : २२०
इ-मेल : **policyird@ird.gov.np**

## नेपाल सरकार
## अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभागको सूचना

आर्थिक ऐन, २०७१ ले हालसम्म करको दायरामा नआएका जुनसुकै व्यक्ति वा निकाय, आयकर तथा मूल्य अभिवृद्धि कर विवरण नबुझाएका करदाताहरू (Non-filers), आ.व.२०६९/०७० सम्मको लागि पूर्वानुमानित कर विवरण पेश गरी कारोबार फरक (Mismatch) परेका करदाताहरूलगायत विभिन्न क्षेत्रका करदाताहरूको लागि २०७१ साल पौष मसान्तसम्म मात्र उपभोग गर्न पाउने गरी निम्न बमोजिमका विभिन्न मिन्हा तथा सुविधाहरूको व्यवस्था गरेको छ । सरोकारवालाहरू सबैले सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा ठूला करदाता कार्यालयमा समयमै सम्पर्क राखी आय विवरण तथा मूल्य अभिवृद्धि कर विवरण र कर दाखिला गर्नुका साथै स्थायी लेखा नम्बर (PAN) लिई मिन्हा तथा सुविधाहरू उपयोग गर्नुहुन अनुरोध छ ।

**मिन्हा तथा सुविधाहरू :**

**(१) करको दायरामा आउनेलाई शुल्क तथा ब्याज मिन्हा हुने :**

चिकित्सक, कलाकार, इन्जिनियर, कानून व्यवसायी, लेखापरीक्षक, व्यापारी, उद्योगी, लगानीकर्ता, परामर्श सेवा प्रदायक, कमिशन एजेण्ट, सेवानिवृत्त, वहालवाला वा सार्वजनिक पदधारण गरेका पदाधिकारी, कर्मचारी, शिक्षक, प्राध्यापक लगायत जुनसुकै व्यक्ति वा निकायले आर्थिक वर्ष २०६९/०७० भन्दा अगाडिका वर्षहरूमा कर लाग्ने आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर दाखिला नगरेको भएमा आर्थिक वर्ष २०६७/०६८, २०६८/०६९ र २०६९/०७० को आय विवरण र सोमा लाग्ने कर २०७१ साल पौष मसान्तसम्म दाखिला गरी स्थायी लेखा नम्बर लिएमा सोभन्दा अघिका वर्षहरूको आय विवरण पेश गर्नु पर्ने छैन र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुनेछ ।

**(२) थप दस्तुर, शुल्क, ब्याज तथा जरिवाना मिन्हा हुने :**

आर्थिक वर्ष २०६९/०७० वा सो भन्दा अघिसम्मको आय विवरण पेश नगर्ने वार्षिक बीस लाखसम्म कारोवार भएका वा दुई लाखसम्म वार्षिक आय भएका कुनै पनि व्यक्तिले आर्थिक वर्ष २०६७/०६८, २०६८/०६९ र ०६९/०७० को आय विवरण र सोमा लाग्ने आयकर २०७१ साल पौष मसान्तभित्रमा बुझाएमा सो भन्दा अघिका वर्षहरूको आय विवरण पेश गर्नु पर्ने छैन र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुनेछ ।

आर्थिक वर्ष २०६९/०७० वा सो भन्दा अघिसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएका कुनै पनि करदाताले आफूले बुझाउनु पर्ने कर विवरण र मूल्य अभिवृद्धि कर २०७१ साल पौष मसान्तभित्रमा बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर र ब्याज मिन्हा हुनेछ ।

**(३) पत्रकार एवं सञ्चार तथा प्रकाशन गृहलाई शुल्क तथा ब्याज मिन्हा हुने :**

पत्रकार एवं सञ्चार तथा प्रकाशन गृहले आर्थिक वर्ष २०६८/०६९ र २०६९/०७० को आय विवरण र सो बमोजिम तिर्नु पर्ने कर २०७१ साल पौष मसान्तभित्र बुझाई स्थायी लेखा नम्बर लिएमा सो अवधिभन्दा अघिका वर्षहरूको आय विवरण पेश गर्नु पर्ने छैन र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुनेछ ।

**(४) सहकारी संस्था वा संघलाई लाग्ने आयकर, शुल्क, ब्याज सम्बन्धी विशेष व्यवस्था :**

सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई आयकर ऐन, २०५८ बमोजिम कर लाग्ने सहकारी संस्था वा संघले सम्बन्धित निकायमा पेश गरेको मान्यता प्राप्त लेखा परीक्षकबाट भएको लेखापरीक्षण प्रतिवेदनको आधारमा आर्थिक वर्ष २०६७/०६८, ०६८/०६९ र २०६९/०७० को आय विवरण र सोमा लाग्ने आयकर २०७१ साल पौष मसान्तसम्म दाखिला गरेमा सो भन्दा अघिका वर्षहरूको आय विवरण पेश गर्नु पर्ने छैन र सोमा लाग्ने कर, शुल्क तथा ब्याज मिन्हा हुनेछ । सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई आयकर ऐन, २०५८ को दफा ११ को उपदफा (२) बमोजिम कर नलाग्ने सहकारी संस्था वा संघले मान्यता प्राप्त लेखापरीक्षकबाट भएको लेखापरीक्षण प्रतिवेदनको आधारमा आर्थिक वर्ष २०६७/०६८, २०६८/०६९ र २०६९/०७० मा स्रोतमा करकट्टी गरी बुझाउनु पर्ने ब्याज कर, बहाल कर तथा अग्रीम आयकर लगायत कट्टी गर्नुपर्ने अन्य कर र कम २०७१ साल पौष मसान्तभित्र बुझाएमा सोमा लाग्ने शुल्क तथा ब्याज मिन्हा हुनेछ ।

**(५) पूर्वानुमानित कर विवरण पेश गर्ने करदाताको लागि विशेष व्यवस्था :**

मूल्य अभिवृद्धि करमा दर्ता नभई मूल्य अभिवृद्धि कर लाग्ने कारोबार गरेका आर्थिक वर्ष २०६९/०७० सम्ममा बीस लाख रूपैयाँभन्दा कम कारोबार देखाई आयकर तर्फ पूर्वानुमानित कर विवरण बुझाईसकेका करदातामध्ये आर्थिक वर्ष २०७०/०७१ सम्मको आफ्नो कारोवार कम घोषणा गरी वास्तविक बिक्री अंक फरक पारेको करदाताले त्यस्तो कारोबारको सम्वत् २०७१ पौष मसान्तसम्म स्वयं घोषणा गरी मूल्य अभिवृद्धि करमा दर्ता भएमा त्यसरी फरक परेको बिक्री अंकको मूल्य अभिवृद्धि कर वापत तीन प्रतिशत र आयकर वापत दुई प्रतिशत रकम बुझाएमा करदाताले घोषणा गरेको हदसम्मको सो कर अन्तिम हुनेछ । तर मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम कर छुट हुने बस्तु तथा सेवाको कारोवार गर्ने पूर्वानुमानित कर विवरण बुझाउने करदाताले आयकर वापत दुई प्रतिशत रकम बुझाएमा निजले घोषणा गरेको हदसम्मको सो कर अन्तिम हुनेछ ।

ग्याँस तथा चुरोटको कारोवार गर्ने व्यवसायको हकमा फरक परेको बिक्री अंकको मूल्य अभिवृद्धि कर र आयकर वापत एकमुष्ट शून्य दशमलव पाँच प्रतिशत रकम बुझाएमा करदाताले घोषणा गरेको हदसम्मको सो कर अन्तिम हुनेछ ।

**(६) शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्थाको दर्ता सम्बन्धी विशेष व्यवस्था :**

शैक्षिक परामर्श सेवा प्रदान गरी कारोवार गरेका तर २०७१ साल असार मसान्तसम्म मूल्य अभिवृद्धि करमा दर्ता नगरेका संस्थाले २०७१ साल पौष मसान्तसम्ममा आफ्नो कारोवार मूल्य अभिवृद्धि करमा दर्ता गरेमा त्यस्ता संस्थालाई दर्ता हुनुभन्दा अगाडि लाग्ने मूल्य अभिवृद्धि कर र सोमा लाग्ने जरिवाना, थप दस्तुर र ब्याज मिन्हा हुनेछ ।

शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्थाले तिर्नुपर्ने करका सम्बन्धमा २०७१ साल असार मसान्तसम्ममा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई विवादमा रहेको वा बक्यौता रहेको मूल्य अभिवृद्धि कर २०७१ साल पौष मसान्तभित्र दाखिला गरेमा त्यसरी कर निर्धारण गर्दाका बखत तथा कर निर्धारण पश्चात लागेको जरिवाना, थप दस्तुर र ब्याज समेत मिन्हा हुनेछ ।

**(७) क्रसर उद्योगको दर्ता सम्बन्धी विशेष व्यवस्था :**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम दर्ता हुनु पर्ने कर्तव्य भएका तर दर्ता नभई कारोबार गरिरहेका क्रसर उद्योगले २०७१ साल पौष मसान्तभित्र मूल्य अभिवृद्धि करमा दर्ता भएमा त्यस्ता उद्योगले दर्ता हुनुपूर्व गरेको करयोग्य कारोवारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने कर, थप दस्तुर, ब्याज र जरिवाना मिन्हा हुनेछ ।

**(८) साना जलविद्युत आयोजनाहरूको मूल्य अभिबृद्धि कर फिर्ता सम्बन्धी व्यवस्था :**

शून्य दरको सुविधा पाउनु पर्ने नाफा नकमाउने उद्देश्य भएका समुदायमा आधारित उपभोक्ता समितिबाट निर्माण तथा सञ्चालन भएका वा हालसम्म शून्यदरको सुविधा नलिएका साना जलविद्युत आयोजना (ठेक्का सम्झौताबाट कार्य सम्पादन गराएका आयोजनाहरू समेत) लाई ती आयोजनाले भुक्तानी गरेको मूल्य अभिवृद्धि कर वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारिशमा आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम फिर्ता दिइनेछ ।

नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभागको सूचना

आयकर ऐन, २०५८ को अनुसूची १ को दफा १ बमोजिम निम्नानुसार कर गणना गर्दा हुन आउने वार्षिक कर रकमलाई मासिक रूपमा विभाजन गरी पारिश्रमिक भुक्तानीको समयमा कट्टी गरी समयमै दाखिला गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कर गणना गर्ने तरिका (बार्षिक रु तीस लाख सम्मको उदाहरण)

| प्राकृतिक व्यक्ति (एकलका लागि) | बासिन्दा प्राकृतिक व्यक्ति (दम्पतीको लागि) |
|---|---|
| १. वार्षिक रोजगारीको करयोग्य आयको पहिलो रु. दुई लाख पचास हजार रूपैयासम्म एक प्रतिशतका दरले कर लाग्ने.रु........२५००।- | १. वार्षिक रोजगारीको करयोग्य आयको पहिलो रु. तीन लाखसम्म एक प्रतिशतका दरले कर लाग्ने रु.........३०००।- |
| २. वार्षिक दुई लाख पचास हजार रूपैया भन्दा बढी तर तीन लाख पचास हजार रूपैयासम्मको हकमा पन्ध्र प्रतिशतका दरले कर लाग्ने रु.......१५०००।- | २. वार्षिक तीन लाख रूपैया भन्दा बढी तर चार लाख रूपैयासम्मको हकमा पन्ध्र प्रतिशतका दरले कर लाग्ने रु........१५०००।- |
| ३. वार्षिक तीन लाख पचास हजार रूपैया भन्दा बढी तर पच्चीस लाख रूपैयासम्मको हकमा पच्चीस प्रतिशतका दरले कर लाग्ने रु........५,३७,५००।- | ३. वार्षिक चार लाख रूपैया भन्दा बढी तर पच्चीस लाख रूपैयाँसम्मको हकमा पच्चीस प्रतिशतका दरले कर लाग्ने रु.........५,२५,०००।- |
| ४. पच्चिसलाख रूपैया भन्दा बढिको रु पाँचलाखमा पच्चीस प्रतिशतले हुने रु........१,२५,०००।- | ४. पच्चिसलाख रूपैया भन्दा बढिको रु पाँचलाखमा पच्चीस प्रतिशतले हुने रु........१,२५,०००।- |
| ५. आयकर ऐन २०५८ को अनुसूचि १ को दफा ज्ञ(घ) वमोजिम पच्चिसलाख माथिको रु पाँचलाखको पच्चीस प्रतिशतले हुने रु एकलाख पच्चिस हजारको थप चालिस प्रतिशतले हुने अतिरिक्त कर रु .........५००००।- | ५. आयकर ऐन २०५८ को अनुसुचि १ को दफा २(घ) वमोजिम पच्चीसलाख माथिको रु पाँचलाखको पच्चिस प्रतिशतले हुने रु एकलाख पच्चिस हजारको थप चालिस प्रतिशतले हुने अतिरिक्त कर रु .........५००००।- |
| जम्मा कर रु ७,३०,०००।- | जम्मा कर रु ७,१८,०००।- |

### छुट हुने रकमहरू

१. पारिश्रमिक आय हुने व्यक्तिलाई दुर्गम भत्ता वापत आयकर नियमावली २०५९ को नियम ३८ बमोजिम "क" वर्गका क्षेत्रमा रु. ५० हजार रूपैयां "ख" वर्गमा रु. ४० हजार रूपैयां "ग" वर्गका क्षेत्रमा रु. ३० हजार, "३" वर्गका क्षेत्रमा रु. २० हजार र "ञ" वर्गका क्षेत्रमा: रु. १० हजार रूपैयाँ थप वार्षिक करयोग्य आयमा कर छुट हुने ।

२. नेपाल सरकारका विदेश स्थित कुटनीतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्ताको ७५ प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी आयमा करको गणना गर्नुपर्ने ।

३. बासिन्दा प्राकृतिक व्यक्तिको निवृत्तिभरण आयको हकमा करछुट हुने रकमको सीमामा २५ प्रतिशत रकम (हाल ३ लाखको २५ प्रतिशतले ७५ हजार)गरी रु ३ लाख र ७५ हजार छुट गरी बाँकी आयमा करको गणना गर्नुपर्ने । यसमा ७५ हजारमा १ प्रतिशत पनि लाग्दैन भने ३ लाखमा भने १ प्रतिशत लाग्दछ ।

४. अवकास योगदान गर्दा तीन लाख रूपैया वा निर्धारणयोग्य आयको एक तिहाई मध्ये जुन घटी छ सोही रकम आफ्नो करयोग्य आयबाट घटाउन पाउने । जस्तै माथिको वार्षिक आय रु ३० लाखमा एक तिहाई रकम रु १० लाख मात्र हुन्छ । तर तीन लाख रूपैया वा एक तिहाइ जुन घटी हुन्छ सोही रकम करयोग्य आयबाट घटाउन पाउने भएकोले तीन लाख करयोग्य आयबाट घटाउन पाउने ।

५. अपाङ बासिन्दा प्राकृतिक व्यक्ति वा दम्पतिको हकमा कर छुट हुने आयमा ५० प्रतिशत रकम थप गरि करयोग्य आयबाट घटाई करको गणना गर्नुपर्ने । जस्तै माथिको वार्षिक आय रु ३० लाख हुने अपाङ व्यक्ति वा दम्पत्ति भएमा प्राकृतिक व्यक्तिको हकमा पहिलो २,५०,०००।- मा १ प्रतिशत कर लाग्ने र २५००००।- को पचास प्रतिशत रु १,२५,०००।- मा कर छुट हुने । त्यस्तै दम्पत्तिको हकमा पहिलो तिनलाखमा १ प्रतिशत कर लाग्ने र सो को पचास प्रतिशत रु १,५०,०००।- मा कर छुट हुने ।

६. पारिश्रमिक आय मात्र भएको बासिन्दा प्राकृतिक व्यक्ति महिला भएमा कूल कर रकममा १० प्रतिशत छुट हुने । जस्तै माथिको आयमा करको गणना गर्दा वनेको कर रु ७,३०,०००।- मा १० प्रतिशत रु ७३,०००।- छुट हुँदा बाँकी रु ७,००,०००।- मात्र दाखिला गर्नुपर्ने । तर महिलाले दम्पत्ती छनौट गरेको रहेछ भने सो १० प्रतिशत छुट नपाउने ।

७. लगानी वीमा प्रिमियम कट्टी बार्षिक बीमा प्रिमियम वा बीस हजार रूपैयांमा जुन घटी हुन्छ सोही रकम करयोग्य आयवाट घटाई करको गणना गर्नुपर्ने ।

८. औषधी उपचार वापत रु ७५०।- मात्र कर मिलान गर्न सकिने छ ।

९. कुनै एक व्यक्तिले एक भन्दा बढी सुविधा पाउने भएमा अधिकतम सुविधाको कुनै एक जस्तो महिला, अपाङ्ग छ भने महिला वा अपाङ्ग कुनै एकको सुविधा छनौट गरी छुट लिन पाउने छ ।

**प्रकाशक**

आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं

फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९

Email: taxbulletin@ird.gov.np

website: www.ird.gov.np

**संरक्षक**

चुडामणि शर्मा

**संयोजन**

दीपक अधिकारी

**सल्लाहकार**

राममणि दुवाडी, गणेशप्रसाद पाण्डेय, डिल्लीराम शर्मा, लक्ष्मीप्रसाद यादव

**सम्पादन समूह**

गोपाल घिमिरे, महाराज कोइराला, भूपालराज शाक्य, चुडामणि ढुंगाना, सम्झना बराल, प्रकाश शर्मा ढकाल, युक्तप्रसाद सुवेदी